# नेपालमा सामाजिक समावेशीकरणको आवश्यकता तथा महत्त्व समस्या र सुझाव



गम्भीरबहादुर हाडा*

## परिचय

नेपालमा जाति, आदिवासी र जनजातिको उत्पत्ति र विकासका दृष्टिले ठूलो अन्तर नभएका कारण मौलिकताका आधारमा यिनीहरूलाई अलगअलग गर्न कठिनाइ पर्दछ तापनि यिनीहरूको समानता र भिन्नताका सम्बन्धमा फरक-फरक दृष्टिकोण राखिएको छ । सन् १९२३ मा अन्तर्राष्ट्रिय श्रम सङ्गठन (ILO) ले आदिवासी श्रमिकहरूको अधिकारका बारेमा कुरा उठायो । सन् १९९३ मा संयुक्त राष्ट्र सङ्घले आदिवासी वर्ष मनायो । सर्वप्रथम टिबेटो-बर्मन भाषा बोल्ने सिनो-मङ्गोल जाति ५,००० वर्षअगाडि नेपाल आएको थियो । नेवारहरू गौतम बुद्धको समयमा कपिलवस्तुमा बनारसका राजा विरुदेवले हमला गर्दा भागेर काठमाडौं उपत्यका आएका थिए । जयस्थिति मल्लको समयमा यिनीहरूको बौद्धमार्गी भिक्षुभिक्षुणीसँग वैवाहिक सम्बन्ध कायम भयो । मल्ल राजाहरूले लिच्छविहरूलाई हराई उनीहरूलाई ज्यापूमा मिलाए । यसरी हेर्दा जातिहरूमा एक-अर्काबीच सम्मिश्रण भएको पाइन्छ । त्यसकारण संयुक्त राष्ट्र सङ्घले राज्यको मूल प्रवाह समातेर बसेका जातिभन्दा पहिले आएकालाई आदिवासी मानेको हो । नेपालमा आदिवासी र जनजाति यी दुई शब्द एकसाथ प्रयोग हुँदै आएको छ । यिनीहरूलाई शासक वर्गले जबरजस्ती वर्ण व्यवस्थाको प्रवाहभित्र पारेर सांस्कृतिक रूपमा शोषित र उत्पीडित बनाए । यिनीहरूलाई आफ्नो मौलिक संस्कृतिविहीन बनाउने प्रयाससमेत भए । यिनीहरू भाषा, धर्म, संस्कृतिका आधारमा विभेदयुक्त र उत्पीडित भए । राज्यको मूल प्रवाह कब्जा गरी बसेका शासकभन्दा पहिले आएका मगर, गुरुङ, राई, लिम्बू, नेवार, तामाङ, शेर्पा, थकाली र थारूहरू आदिवासी हुन् । खसभन्दा भिन्न भाषा, धर्म, संस्कृति आदि भएकाले उनीहरूलाई जनजाति भनियो । आदिवासी जनजातिको अर्थ प्रस्ट्याउँदै इच्छापूर्ण राई भन्दछन्, "वास्तवमा आदिवासी र जनजातिलाई कतिपय सन्दर्भमा एउटै माने पनि यिनीहरू पृथक् विशेषता बोकेका पदावली हुन् । कतिपय सन्दर्भमा आदिवासी र जनजाति एउटै भए पनि यी दुई आधारभूत रूपमा फरक अर्थ बोकेका शब्द हुन् । आदिवासी भन्नाले शाब्दिक रूपमा सबैभन्दा पहिले त्यो भूमिमा खनजोत गरी बस्ती बसाउने जातिलाई बुझाउँछ र उनीहरू सोझै जमिनको स्वामित्वसँग सम्बन्धित हुन्छन् भने जनजातिहरू भाषा, संस्कृति, रीतिरिवाज र परम्परासँग सम्बन्धित छन् । नेपालका सन्दर्भमा जनजातिहरू नै आदिवासी हुन् र आदिवासी नै जनजाति पनि । त्यसैले यहाँ बसोबास गर्ने जनजातिहरू आदिवासी नै हुन् यसमा कुनै शङ्का छैन ।"

माथि उल्लेख भएका विषयवस्तुलाई पुष्टि गर्ने कुरामा मगर, तामाङ, राई र लिम्बूजस्ता धेरै जातिहरू शासक वर्गभन्दा पहिले आएकाले आदिवासी हुन् र उनीहरूको भन्दा भिन्न भाषा, धर्म र संस्कृति भएकाले जनजाति पनि हुन् । जनकपुरका मैथिली ब्राह्मण र राजपुतहरू राजा जनकको पालादेखि बसेकाले आदिवासी

* सहप्राध्यापक, अर्थशास्त्र, भक्तपुर बहुमुखी क्याम्पस ।

हुन् । उनीहरूको भाषा भिन्न भए पनि धर्मसंस्कृति खस जातिसँग मिल्ने भएकाले जनजाति होइनन् । झापाका सतारहरूको भाषा, धर्म र संस्कृति खसहरूको भन्दा भिन्न भएकोले उनीहरू जनजाति हुन् तर उनीहरू नेपाल आएको ३०० वर्ष पनि नभएको हुँदा आदिवासी होइनन् । त्यसैले आदिवासी र जनजातिलाई समानताका आधारमा अधिकार दिइनुपर्दछ । आदिवासी जनजाति अधिकारहरू सुरक्षित राख्न राज्यले चालेको कदम सम्बन्धमा उल्लेख गर्दै त्रिभुवनचन्द्र वाग्ले भन्नुहुन्छ, “राज्य अब आदिवासी जनजातिका लागि आरक्षण वा विशेष सुविधा दिन तयार भइसकेको छ । त्यस्ता सुविधा वा आरक्षणलाई कसरी व्यवस्थित गर्ने भन्ने सवालमात्र बाँकी छ । त्यस्ता सुविधा वा आरक्षणलाई मोडेल संवैधानिक प्रत्याभूतिका लागि आवाज उठाउन ऐक्यबद्ध हुनुपर्ने भएको छ ।” नेवारहरू जनजाति होइनन् भन्ने तर्क पनि प्रस्तुत गरियो । प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको समयमा ६१ जातिलाई जनजाति मान्दा नेवारहरू यसअन्तर्गत परे । कृष्णप्रसाद भट्टराईको कार्यकालमा यिनलाई जनजाति मानिएन । शेरबहादुर देउवाको कार्यकालमा पुनः यिनलाई जनजाति मानियो र आजसम्म यिनीहरू जनजातिका रूपमा कायम छन् । नेवारहरू कोही आर्यन, कोही द्रविड र कोही मङ्गोलियन भएको हुँदा यिनीहरू उक्त सम्बन्धमा आधारित जनजाति होइनन् । जनजातिहरूमा वर्ण व्यवस्था तथा छुवाछुत नहुने र नेवारहरूमा हुने हुँदा यिनलाई जनजाति नमानिएको हो । नेवारहरू भाषिक समुदाय हुन् । यिनीहरूमा बाहुन, क्षेत्री, वैश्य, शुद्र वर्ण व्यवस्था छ तर त्यो रक्त सम्बन्धमा आधारित छैन । यिनीहरूको जाति प्रथा हिन्दू वर्ण व्यवस्थाभन्दा भिन्न भएको कारणले पनि यो भ्रम उत्पन्न हुन गएको हो ।

नेपालमा जनजाति मानिने राई, लिम्बू, मगर, गुरुङ, तामाङ, थकाली, शेर्पा, भोटे, राउटे, चेपाङ, थारू, माझी, राजवंशी, धिमाल आदिलाई कसैले Tribe (प्रजाति), कसैले Ethnic Groups (जनजाति), कसैले Indigenous People (आदिवासी) र कसैले Minority People (अल्पसङ्ख्यक जाति) भनी नामकरण गरेका छन् । यी अंग्रेजी शब्दहरूलाई नेपालका जनजातिहरूका बृहत् पक्ष समेट्ने गरी वास्तविक अर्थमा नेपालीमा रूपान्तरण गर्न नसकिएको हुँदा यी सबै शब्द केवल शब्दजालका रूपमा मात्र सीमित रहेका छन् । अन्य शब्दको तुलनामा राष्ट्र वा राष्ट्रिय शब्दले जनजातिका बृहत् पक्षलाई प्रतिनिधित्व गर्दछन् । नेपालका सन्दर्भमा पनि जनजातिहरूलाई उल्लेख गर्ने उचित शब्दका रूपमा राष्ट्र वा राष्ट्रियतालाई प्रयोग गर्नु बढी सान्दर्भिक मानिएको छ । मधेसको जातीय संरचनाअनुसार मधेस पनि भाषिक, धार्मिक, सांस्कृतिक र जातजातिको रैथाने घरका रूपमा विविधतायुक्त छ । आजसम्मका जनगणनालाई हेर्दा मधेसका सबै जातजातिहरूको वैज्ञानिक लगत लिइएको देखिँदैन । २०४८ सालको जनगणनामा देशभर ५९ ओटा जातजातिलाई सूचीकृत गरिएकोमा मधेसमा २९ ओटा थिए । २०५८ को गणनाअनुसार मधेसका २० जिल्लाको जनसङ्ख्या १,१०,५६,२९४ रहेको छ । यो सङ्ख्या मुलुकको कुल जनसङ्ख्याको ४७.७ प्रतिशत हुन आउँछ । मधेसको जनसङ्ख्यामध्ये यहाँ पिछडिएको वर्ग २५.६, जनजाति १७.३, दलित ९.४, मुसलमान ८.४ र जातसमूह १.६ प्रतिशत रहेको छ ।

नेपालमा विगत ५० वर्षदेखि सामाजिक परिवर्तनले तीव्रता लिएको छ तापनि सामाजिक कल्याणका क्षेत्रमा जति प्रगति हुनुपर्ने हो, त्यति हुन सकिरहेको छैन । यतिसम्म चाहिँ के भन्न सकिन्छ भने नेपालमा योजनाबद्ध परिवर्तनको क्रममा ग्रामीण पुनर्निमाण, श्रम कल्याण, दलित जातिहरूको उत्थान, जनजाति एवं महिलाहरूको स्थितिमा सुधार गर्ने हेतुले केही कार्यहरू निःसन्देह गरिएका छन् तर योजनाहरूको प्रगति भने लक्ष्यअनुसार छैन । योजनाबद्ध परिवर्तनको अधिकाङ्श लाभ साधारणतः ती मानिसले पाएका छन्, जो पहिलेदेखि नै सम्पन्न थिए । विभिन्न समाज शास्त्रीय अध्ययनबाट के स्पष्ट भएको छ भने योजनाबद्ध परिवर्तनले विभिन्न क्षेत्रमा इच्छित सफलता प्राप्त गर्न सकेको छैन । यसका केही मौलिक कारण छन्, जुन यसप्रकार छन् :- (स्रोत : वासु बराल, सामाजिक संस्थाहरूको विश्लेषण र प्रक्रियाहरू, भुवन प्रकाशन, प्रथम संस्करण २०५८, पेज नं. ३४६-३४७)

(क) अशिक्षा
(ख) लक्ष्य र साधनमा असन्तुलन
(ग) व्यवहारिक पक्षमा कम ध्यान
(घ) प्रशासनको अकुशलता र स्वार्थ

(ङ) गुटबन्दी र दरबन्दी

(च) मानवीय तथा सांस्कृतिक कारकहरूको उपेक्षा

(छ) रुढी एवं अन्धविश्वास

(ज) राष्ट्रिय चरित्रको अभाव

(झ) विश्वासिलो तथ्याङ्कको अभाव

(ञ) समाज वैज्ञानिक र प्रशासक बीच सहयोगको अभाव

(ट) साधारण जनतामा उत्साह एवं सहयोगको अभाव ।

नेपालमा योजनाबद्ध परिवर्तनलाई सफल पार्नका लागि उपयुक्त सीमा वा बाधाहरू हटाउन र समाज वैज्ञानिकहरूलाई सक्रिय सहयोग जुटाइदिन आवश्यक छ । प्रत्येक समाज सधैँ स्थिर, सङ्गठित, एकीकृत, सन्तुलित एवं समतुल्य अवस्थामा राख्नका लागि त्यसका अंगहरू अथवा संरचनाका तत्त्वहरू क्रियाशील रहन्छ । यसरी सामाजिक व्यवस्थालाई स्थिर राख्नका लागि संरचनात्मक तत्त्वहरूको प्रकार्यात्मक सम्बन्धको निकै महत्त्वपूर्ण भूमिका रहन्छ । मानव पनि सामाजिक एवं सांस्कृतिक व्यवस्थाको एक एकाइ हो । परिवर्तन शब्दले कुनै तथ्य, वस्तु वा संरचनामा आउने फेरबदललाई सङ्केत गर्दछ । संसारका सबैजसो भौतिक एवं अभौतिक वस्तुहरू परिवतर्नशील छन् । त्यसैले समाज र संस्कृति पनि निरन्तर रूपमा समय, परिस्थिति, आवश्यकता र मानव विकाससँगै परिवर्तन भइरहेको छ । सांस्कृतिक परिवर्तनभित्र निम्नलिखित कुराहरूलाई समावेश गर्न सकिन्छ, जस्तै :

(क) सांस्कृतिक परिवर्तन, धर्म, ज्ञान, कला, विश्वास, साहित्यप्रथा कानुन आदि सबै क्षेत्रमा हुने परिवर्तन हो ।

(ख) सांस्कृतिक परिवर्तनबाट संस्कृतिका विभिन्न पक्षहरूमा हुने परिवर्तनको बोध हुन्छ ।

(ग) सांस्कृतिक परिवर्तनको विशेष गरी सचेत प्रयत्न वा घटनाबाट हुने गर्छ ।

(घ) सांस्कृतिक परिवर्तनको गति प्रायः तीव्र हुन्छ ।

हरेक समाजका आफ्नाआफ्नै आवश्यकता हुन्छन् । सामाजिक आवश्यकता र स्थितिअनुसार मानवीय आवश्यकता निर्धारण हुन्छन् । अधिकाङ्श समाजमा सांस्कृतिक परिवर्तन ल्याउने केही तत्त्वहरू यसप्रकार छन् :

(क) आविष्कार

(ख) खोज

(ग) नवीकरण

(घ) प्रसार

(ङ) पर-संस्कृति ग्रहण

(च) निर्देशित परिवर्तन ।

जसरी सांस्कृतिक परिवतर्नका लागि केही महत्त्वपूर्ण संयन्त्रहरू क्रियाशील हुन्छन् । त्यसै गरी सामाजिक परिवर्तनमा पनि केही प्रभावकारी तत्त्वहरू आफ्नो भूमिका निर्वाह गरिरहेका हुन्छन् । यस्ता तत्त्वहरूमा जैविक तत्त्व, प्राविधिक तत्त्व, भौगोलिक तत्त्व, आर्थिक तत्त्व राजनीतिक तत्त्व, मनोवैज्ञानिक तत्त्व, सांस्कृतिक तत्त्व आदि रहेका हुन्छन् । सामाजिक परिवर्तनलाई सांस्कृतिक परिवर्तन एउटा पक्ष मान्न सकिन्छ तर संस्कृतिको प्रभाव समाजका सबै पक्षमा पर्दछ । संस्कृतिले सामाजिक सम्बन्धमा मात्र प्रभाव पार्ने होइन कि यसले प्रविधिको परिवर्तनको दिशा एवं स्वरूपको समेत निर्धारण गर्दछ । परिवर्तन निरन्तर चलिरहने प्रक्रिया हो । यो समाजका विभिन्न पक्षमा फरकफरक किसिमबाट देखा पर्दछ । ग्रामीण सामाजिक परिवर्तनका आफ्नै आयाम छन् । जस्तै :

(क) संरचनात्मक आयाम (ख) सांस्कृतिक आयाम र (ग) अर्न्तक्रियात्मक आयाम ।

ग्रामीण सामाजिक परिवर्तनका कारणलाई A.R. Deshai ले मुख्यतः दुई भागमा विभाजन गरेका छन् :

(क) चेतन कारणहरू :- प्राकृतिक भौतिक पर्यावरण, प्राद्यौगिकीकरण, सांस्कृतिक तत्त्व आदि हुन् ।

(ख) अचेतन कारणहरू :- प्रोत्साहन, अनिवार्य, शिक्षण, प्रदर्शन, सामाजिक दबाब पद्धति आदि ।

आजकाल ग्रामीण समाजमा व्यक्तिको हैसियत परिवारको प्रतिष्ठा, जाति र सम्पत्तिका आधारमा नभई उसको व्यक्तिगत क्षमता र व्यक्तित्त्वका आधारमा गरिन्छ अथवा योग्यताका आधारमा व्यक्तिको स्थिति निर्धारण हुन्छ । नेपाली ग्रामीण समाजमा पनि आधुनिकीकरणको प्रभावले गर्दा सामाजिक सङ्गठनमा पारिवारिक महत्त्वमा कमी आएको छ । ग्रामीण समाजमा आधुनिकीकरणको प्रभावलाई हेर्दा मुख्यतः यसको प्रभाव परिवार, विवाह, संस्कार एवं वैयक्तिक व्यवहारमा परेको देखिन्छ ।

## सामाजिक समावेशीकरणको अवधारणा

समावेशीकरणका माध्यमबाट समावेशी विकास गर्ने अवधारणा हालैका दिनमा अगाडि बढिरहेको छ । वर्तमान त्रि-वर्षीय योजनाको रणनीति र प्राथमिकताका क्षेत्रमा समावेशी विकासलाई जोड दिइएको छ । योजनाअनुसार समावेशी विकासमा वञ्चित समूहको सशक्तीकरण र समावेशीकरण गरी दुई कुरा पर्छन् । सामाजिक समावेशीकरण, आर्थिक समावेशीकरण, राजनीतिक समावेशीकरण, सांस्कृतिक समावेशीकरण तथा अस्तित्व र सहकार्यको संस्कृतिको विकासजस्ता विषयहरू समावेशी विकासका आयाम हुन् । समावेशी परीक्षण, समावेशी विश्लेषण, समावेशी अनुगमन, समावेशीमैत्री कानुनको निर्माण र समावेशी सोचलगायतका विषयहरू समावेशी विकासका स्वरूप एवं विकासका कार्यहरूमा पर्छन् । (स्रोत : प्रदीपकुमार कोइराला, लोकतन्त्रमा समावेशीकरण –सन्दर्भ नेपालको राज्य संयन्त्र, CAMAD, Vol-II, No.1, Issue 21, April 2008, page no. 67) । पहुँच, पहिचान, प्रतिनिधित्व, प्राकृतिक स्रोतमाथिको अधिकार र परिचालनलाई समावेशीकरणको प्रत्यक्ष आयामका रूपमा तथा भूमि, भेष, भाषा, भाइचारा, भ्रातृत्व र भोखमरीलाई समावेशीकरणका आयामहरूसँग गाँसिएका मुद्दाका रूपमा हेरिन्छ । यिनीहरूलाई समष्टि भावमा समतामूलक समानता (equity-based equality), समान धरातल र सामाजिक एकीकरणका रूपमा हेरिन्छ । समावेशीकरण कुनै एउटा क्षेत्रमा गरेरमात्र हुँदैन, राज्य संयन्त्रका सबै तह र तप्कामा यो जरुरी पर्छ । शासनमा सहभागिता, सामाजिक समावेशीकरण, आर्थिक समावेशीकरण, राजनीतिक समावेशीकरण, धर्म निरपेक्षता, सांस्कृतिक समावेशीकरण, प्रादेशिक समावेशीकरण, कानुनी बहुलवाद, भाषिक समावेशीकरण, साम्प्रदायिक सद्भाव, अस्तित्व र सहकार्यको संस्कृतिजस्ता विषय समावेशीकरणका क्षेत्रभित्र पर्छन् ।

समावेशीकरण कसरी गर्ने भन्ने विषयमा विभिन्न मतमतान्तरहरू छन् । प्रशासनिक समावेशीकरण सकारात्मक विभेदको नीति तथा आरक्षणका माध्यमबाट हुन सक्छ भने राजनीतिकलगायत अन्य पक्षको समावेशीकरणका लागि सङ्घीय शासन प्रणाली, स्वायत्तता, समानुपातिक प्रतिनिधित्व प्रणाली तथा विशेष व्यवस्थाजस्ता संरचनात्मक तत्त्वको प्रयोग गर्नुपर्ने हुन्छ । यस प्रक्रियाका रूपमा गोलमेच सम्मेलन, संविधान सभा, आत्मनिर्णयको अधिकार तथा जनमत संग्रहमध्ये उपयुक्त प्रक्रिया मुलुकको आवश्यकताअनुसार तय गरिन्छ । समावेशीकरण कसरी गर्ने भन्ने सम्बन्धमा कुनै निश्चित प्रक्रिया छैन । उदाहरणका रूपमा क्यानाडाले समावेशीकरणलाई विभिन्न तहमा बाँडेको सम्म पाइन्छ । अंग्रेजी भाषाभाषी तथा फ्रेन्च भाषाभाषीबीचका विभेदलाई अन्त गर्न ल्याइएको उक्त तह निर्धारण धेरै हदसम्म लोकप्रिय भएको छ । समावेशीकरण सफल भयो कि भएन भनेर हेर्ने तत्त्वका रूपमा मूल्य र मान्यताको कदर, सामाजिक तथा मानवीय सूचकहरूको स्थिति, निर्णय प्रक्रियामा सहभागिता आदि हेरिन्छ । यसका साथै संलग्नता, समावेशी र असमावेशीबीचको दूरी र आर्थिक तथा सामाजिक कल्याणका कार्य आदि पनि समावेशीकरणका निर्देशित तत्त्वका आधारमा हेर्ने गरिन्छ । हाम्रो परिवेशमा क्यानाडाजस्तो गर्न नसके पनि पक्षपातपूर्ण कार्यलाई स्थगित गर्ने, असमावेशी र सुविधा सम्पन्न वर्गबीचको विभेद भत्काउने, असमावेशी र सुविधा सम्पन्न वर्गबीचको दूरी कम गर्दै जाने, समावेशी र असमावेशीबीच अन्तर्सम्बन्ध र सहकार्य बढाउँदै जाने र विकासका आयामलाई समानुपातिक रूपमा बढाउँदै तहगत शृङ्खला बनाई समावेशीकरण गरिएमा सकारात्मक नतिजा आउन सक्ने देखिन्छ । (स्रोत : ऐजन, पेज नं. ६७-६८) ।

समाजका सबै वर्गबीच समाजका सबै पक्षमा रहने एकरूपता तथा सहकार्यको संस्कृतिको विकास नै सामाजिक समावेशीकरण हो । अतः पूर्ण समावेशीकरण पूर्व सामाजिक समावेशी प्रक्रियामा जोड दिइन्छ । वर्तमान त्रिवर्षीय योजनामा सामाजिक समावेशीकरणका लागि स्रोत, साधन, सेवा र अवसरमा पहुँच, सशक्तीकरण, अस्तित्वबोध र क्षमतामा वृद्धि तथा नीतिनियम, मूल्यमान्यता र संरचनामा परिवर्तनका आधारमा कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुमगन तथा मूल्याङ्कन गरिने जस्ता तीनओटा आयाम राखिएका छन् । सामाजिक समावेशीकरणका लागि भावनात्मक रूपको सामाजिक एकीकरण तथा विविधताप्रतिको

सकारात्मकता चाहिन्छ । समावेशी विकासको उद्देश्य सांस्कृतिक बहुलवाद कायम राख्नु पनि हो । विविध धर्म, संस्कृति, रहनसहन, लवाइखवाइसहितको एकात्मक सामाजिक-सांस्कृतिक विशेषता नै सांस्कृतिक बहुलवाद हो । प्रिज्ममा सेतो प्रकाश छिरेर विभिन्न रङमा विभक्त भई त्यसबाट बाहिर निस्किँदा बाहिर विभिन्न रङ देखिने र तिनीहरूको स्वरूप एउटै हुने गुणलाई नै बहुलवाद भनिएजस्तो प्रिज्मबाट निस्केको विभिन्न रङको एकल स्वरूपको भिन्नभिन्न संस्कृतिको एकल अथवा विविधतासहितको एकता नै सांस्कृतिक बहुलवाद हो । विविधतामा एकता र एकतामा विविधता तथा एक स्वरूप देखिने विविधताको सहसम्बन्ध यसका विशेषता हुन् । सांस्कृतिक बहुलवादलाई सामाजिक सम्पत्ति (Social Asset), सम्मान र ग्राह्यता (Respect and Tolerance), पहिचान (Recognization), सामूहिकता (Collectivism), राष्ट्रिय प्रतीक (National Identity) तथा आपसी निर्भरता (Mutual Dependency) जस्ता आधारभूत तत्त्वहरूले व्याख्या गरिन्छ । यी सबै तत्त्वलाई सकारात्मकतातर्फ निकास दिने काम सामाजिक समावेशीकरणले गर्छ ।

राजेन्द्र श्रेष्ठका अनुसार, “समावेशी लोकतन्त्र भनेको राज्यको राजकीय तथा सार्वजनिक मामिलामा हिस्सेदार बन्न नपाएका वा नसकेका सम्पूर्ण वर्ग, पेसा र तहका समुदायलाई नीति निर्माण र कार्यान्वयनमा सहभागिता तथा समानुपातिक प्रतिनिधित्वका माध्यमबाट समान रूपमा अंशियार बनाउनु हो । (राजेन्द्र श्रेष्ठ : राज्यको पुनः संरचना र समावेशी लोकतन्त्रका आधार, पृ. १०) ।

भट्टचनका अनुसार, “सरकारी सङ्घीय संरचनाअन्तर्गत विशिष्ट उपायहरू अवलम्बन गरी समस्त जाति, जनजाति, लिङ्ग, भाषाभाषी, धर्म, संस्कृति तथा क्षेत्रीय समूहहरूको जातीय समानुपातिक प्रतिनिधित्वका आधारमा शक्ति र अधिकारको साझेदारी गर्नु नै समावेशी लोकतन्त्र हो । (स्रोत : कृष्णबहादुर भट्टचन, समावेशी प्रजातन्त्रका सम्भावित मोडेल र प्रक्रिया, पृ. ५०)

शाक्य, सुन्दर र लिम्बू, “राज्यभित्र सबैले आआफ्नो भिन्न अवस्था, धर्म, संस्कृति, परम्परा, रीतिरिवाज, भाषा र रहनसहनको पहिचानलाई कायम राख्दै राज्य प्रणालीमा विनाभेदभाव सहभागी हुन पाउने कानुनी प्रत्याभूति नै समावेशीकरण हो । (स्रोत : केशवमान शाक्य, मल्ल के. सुन्दर र अर्जुन लिम्बू : समावेशीकरण र सहमतीय प्रजातन्त्र : पद्धति र प्रारूप, पृ. ३७७) ।

उलक, “संविधान सभाको उद्देश्य संविधान निर्माणमा सम्पूर्ण जनताको समावेशीकरण गर्नु हो । राजनीतिक दलका प्रतिनिधिहरूले सबै पक्षको समावेशीकरण गर्न सक्दछन् ।” (स्रोत : चन्द्रवदन उलक, समावेशीकरण र पारदर्शिता, कान्तिपुर, २२ वैशाख, २०६३) ।

विभिन्न विद्वान्का विचारलाई अध्ययन गर्दा स्पष्ट हुन्छ कि फरकफरक जाति, वर्ग र समुदायका व्यक्तिहरू समानुपातिक प्रतिनिधित्वका आधारमा निर्वाचित भई सरकारमा भाग लिन्छन् । सबै वर्ग र क्षेत्रका व्यक्तिहरू सरकारमा सम्मिलित हुन पाउने हुँदा सबैले कानुन बनाउने र नीति निर्माण गर्ने कार्य समान रूपबाट गर्दछन् । मुलुकभरका सबै नागरिकलाई समानुपातिक प्रतिनिधित्वका आधारमा राजनीतिको मूल प्रवाहमा समावेश गर्न सकिने हुँदा बहुमतीय प्रणालीको तुलनामा यस प्रणालीलाई बढी प्रभावकारी मानिएको छ ।

आधुनिकीकरणको प्रभावबाट ग्रामीण समाजमा परिवर्तन भएका पक्षहरूलाई मुख्य रूपमा निम्नअनुसार लिन सकिन्छ : (स्रोत : टिकाराम गौतम, “सामाजिक एवं सांस्कृतिक परिवर्तन र विकाससम्बन्धी दृष्टिकोणहरू” विद्यार्थी पुस्तक भण्डार, काटमाडौं दोस्रो संस्करण, २०६० पेज नं. २२८) ।

क. संयुक्त परिवारको विघटन
ख. परम्परागत धारणामा परिवर्तन
ग. जाति संरचनाको स्वरूपमा परिवर्तन
घ. कृषि प्रणालीमा नयाँ प्रविधिको बिस्तार
ङ. स्थानीय महत्त्वको प्रभावमा कमी
च. बालविवाह प्रथामा कमी
छ. महिलाहरूको स्थितिमा सुधार
ज. यातायात र सञ्चार साधनको बिस्तार र व्यक्तिवादी सोच र प्रवृत्तिमा विकास : यान्त्रिक प्रविधिद्वारा ग्रामीण समाजमा परिवर्तन ल्याउने प्रमुख माध्यमहरू यसप्रकार छन् :

१. सम्पर्क २. कानुनी व्यवस्था ३. सहुलियत दिएर ४. शैक्षिक तरिका ।

A.R. Deshai, Dr. D.N.Majumdar र D.R. Dube आदि विद्वान्का अनुसार ग्रामीण समाजमा निम्न प्रक्रियाबाट परिवर्तन ल्याउन सकिन्छ : जस्तै :

(क) सामाजिक जीवनमा परिवर्तन ल्याएर
(ख) पारिवारिक जीवनमा परिवर्तन ल्याएर
(ग) जाति प्रथामा परिवर्तन
(घ) खानपानसम्बन्धी नियममा परिवर्तन
(ङ.) जातिहरूको अनिश्चित व्यवसाय
(च) राजनीतिक जीवनमा परिवर्तन
(छ) आर्थिक जीवनमा परिवर्तन
(ज) आयमा वृद्धि
(झ) जीवनस्तरमा परिवर्तन
(ञ) कृषिको पुरानो पद्धतिमा परिवर्तन
(ट) धार्मिक जीवनमा परिवर्तन
(ठ) शिक्षामा परिवर्तन
(ड) नैतिकतामा परिवर्तन ।

यसरी नेपाली समाजमा परिवर्तनको स्वरूप देखिएको छ । सामाजिक सङ्गठनको स्वरूप संरचना तथा कार्यपद्धतिमा परिवर्तन भएको छ । सामाजिक सङ्गठनमा आएको परिवर्तनले समग्र ग्रामीण जीवनमा नै परिवर्तन ल्याई दिएको छ । (स्रोत : ऐ. पेज नं. २३०-२३१)

“समावेशीकरण” अङ्ग्रेजी शब्द "Inclusion" को नेपाली रूपान्तर हो । यो १७ औं शताब्दीमा ल्याटिन शब्द (Includere) बाट अङ्ग्रेजीमा (Shwin-leq) बन्द गर्ने भन्ने मनसायबाट बुझ्दै २२ औं शताब्दीको अन्तिम दशकमा समावेशीकरण समाहितीकरण, संवेतीकरणजस्ता शब्दावलीमा रूपान्तरित भएर अहिले सबैभन्दा प्रिय शब्दावलीमा स्थापित भएको छ । राजनीतिक, आर्थिक, सामाजिक, धार्मिक र जातीय दृष्टिले भिन्न समाजका प्रत्येक जनताले राज्य सञ्चालनका सबै क्षेत्रमा समानुपातिक सहभागिताको अवसर पाउनुपर्छ भन्ने मान्यताका साथ समावेशीकरणको अवधारणा आएको हो । हालैका वर्षमा लोकतन्त्रले निकै चर्चा पाएको र समावेशी लोकतन्त्र भन्ने शब्दावलीको प्रयोग गर्ने गरिएको छ । समावेशीकरणको अवधारणाले महिला, पिछडिएको वर्ग र क्षेत्र, जनजाति, आदिवासी तथा अल्पसङ्ख्यकहरूको राजनीतिक, आर्थिक, प्रशासनिक, सामाजिकलगायतका क्षेत्रमा समानुपातिक प्रतिनिधित्व हुनुपर्ने विषयलाई अघि सारेको छ । यसरी विशेष व्यवस्था गरी समावेश गर्ने व्यवस्थालाई संविधानमा उल्लेख गरेर छुट्टै कानुनको निर्माण गरेर र राजनीतिक दलहरूले आफ्नो विधानमा व्यवस्था गरेर सुनिश्चित गर्ने गरिएको पाइन्छ । समावेशीकरणको दर्शन तीनओटा सिद्धान्तबाट निर्देशित छ ।

(क) समतामूलक पहुँच (Equitable Access), (ख) पूर्ण सहभागिता (Full Participation)
(ग) विविधताको स्वीकृति र सम्मान (Approval and Respect for Diversity)

उपर्युक्त सिद्धान्तहरूलाई समावेशीकरणका निर्देशक सिद्धान्त मानिने हुनाले यिनैका आधारमा समावेशीकरणलाई यसरी परिभाषित गरिएको छ, “समावेशीकरण समतावादी” धारणा हो । यसले सबै मानिसलाई व्यक्तिका रूपमा स्वीकार गरी उनीहरूलाई पृष्ठभूमिका आधारमा वर्गीकरण नगरी समान महत्त्व दिएर वर्गीकरणमा आधारित मान्यताको अन्त्य गर्दछ । (फर्न एफिस्की, १९९५) । सोही सिद्धान्तका आधारमा शैक्षिक व्यवस्थापनको दृष्टिकोणले यसरी परिभाषित गर्न सकिन्छ ।

उपर्युक्त दार्शनिक र सैद्धान्तिक पक्षहरूलाई मध्यनजर राखी निम्नलिखित बुँदाका आधारमा सामाजिक समावेशीकरणको औचित्यलाई पुस्ट्याइँ गर्न सकिन्छ ।

१. प्रतिनिधित्व (Representation), २. सहभागिता (Participation), ३. स्रोतमाथिको पहुँच (Access over Resource), ४. सम्प्रभुता (Sovereignty) र ५. पहिचान (Identity)।

समावेशीकरणको मुख्य आशय राज्य सञ्चालनका हरेक क्षेत्रमा विशेष व्यवस्था गरी महिलालगायत समाजका पिछडिएका वर्गको सहभागिता अभिवृद्धि गर्ने भन्ने हो । यसैअनुरूप विश्वका कतिपय देशले यससम्बन्धी व्यवस्था गर्ने प्रयास गर्दै आएका छन् । यस्ता प्रयासमध्ये आरक्षण (Reservation) को व्यवस्था

गरिएको छ । यस किसिमको आरक्षण गर्दा राजनीतिक, शैक्षिक, प्रशासनिक, आर्थिक, सामाजिक क्षेत्रमा सबै वर्गका जनताको संलग्नतालाई आधार मान्ने गरिन्छ :

(क) राजनीतिक क्षेत्र : राजनीतिक दृष्टिले समावेशीकरणको विषय निकै चर्चामा रहेको छ । राजनीतिक रूपमा महिलालगायत अन्य पिछडिएको वर्ग र जातिको सहभागिता बढाउने विभिन्न उपाय अपनाउने गरिन्छ ।

(ख) शैक्षिक क्षेत्र : महिला र अन्य पिछडिएका वर्गलाई सशक्तीकरण गर्ने प्रमुख आधार शिक्षामा जोड दिनु हो ।

(ग) प्रशासनिक क्षेत्र : समावेशीकरणको अवधारणाले जोड दिएको अर्को प्रमुख क्षेत्र हो प्रशासन यन्त्र । प्रशासन यन्त्रको निर्णायक तहमा महिलालगायत अन्य पिछडिएका वर्गको सहभागिताको प्रश्न हालका वर्षमा धेरै अगाडि बढेको छ ।

(घ) आर्थिक क्षेत्र : आर्थिक क्षेत्रमा पनि समावेशीकरणको अवधारणा अघि सारिएको छ । भूमिसुधारका माध्यमबाट सम्पत्तिको समानुपातिक वितरण गरेर समावेश गर्न सकिन्छ ।

(ङ) सामाजिक क्षेत्र : सामाजिक विभेदको अन्त्य गर्ने, सामाजिक सुरक्षाको व्यवस्था गर्ने, रोजगारीमा आरक्षणको व्यवस्था गर्ने विधिहरूका माध्यमबाट सामाजिक क्षेत्रमा समावेशीकरण गर्न सकिन्छ ।

(च) स्थानीय स्वायत्त शासन : देशको विभिन्न भागलाई प्रशासनिक रूपले विभक्त गरी सोहीअनुरूप केन्द्रमा रहेका अधिकारहरू निक्षेपण गर्ने प्रक्रिया हो । स्थानीय स्वायत्त शासनको अवधारणा । यस अवधारणाअनुसार जिल्ला, नगर, गाउँ र वडाहरूमा विभाजन गर्ने गरिएको छ ।

(छ) सङ्घीय राज्य प्रणाली : सङ्घीय राज्य प्रणालीलाई दुई किसिमले हेर्ने गरिन्छ । एउटा, भौगोलिक आधारमा अधिकारको बाँडफाँड र अर्को जुन क्षेत्रमा जुन जाति, धर्म र वर्गको बाहुल्यता छ, सो क्षेत्रमा तिनकै लागिमात्र स्वायत्तता दिने गरी मिलाइने व्यवस्था । (स्रोत : शारदाप्रसाद त्रिताल, समावेशीकरण अवधारणा र व्यवहार, सशक्तीकरण (Empowerment), वर्ष ३, अङ्क ६, २०६१ पौष, नेपाल सरकार, महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, सिंहदरबार, काठमाडौँ, पेज नं. २-३) ।

आजको एक्काइसौँ शताब्दी समानताको आवाजले एकातिर बुलन्द छ भने अर्कोतिर कानुनी शासन र व्यवस्थित लोकतन्त्र स्थापनाका लागि प्रयत्नरत छ । फलस्वरूप आज "अन्तरिम संविधान, २०६३' हाम्रा साम समावेशी, समानुपातिक सिद्धान्त लागू गर्न तयार भएको छ । यसमा प्रत्येक संरचनामा ३३% महिलाको पहुँच पुग्नुपर्ने महिलामाथि कुनै पनि किसिमले विभेद गर्न नहुने जस्ता प्रावधानलाई समावेश गरिएको छ । यसअनुसार संविधान सभामा समानुपातिक निर्वाचन प्रणालीतर्फ ५०% महिलासहित अन्य पिछडिएको वर्ग जाति र क्षेत्रका व्यक्तिलाई समावेश गर्नुपर्ने अनि सो महिला उमेदवारको सङ्ख्यामा पहिलो हुने निर्वाचनमा उमेदवार भएका महिलाको सङ्ख्या जोडेर भए पनि ३३% पुऱ्याउनै पर्ने प्रावधान राखिएको छ। यसबाट वर्तमान संविधान पहिलेको संविधानको तुलनामा महिलाका लागि हक अधिकार प्रदान गर्न कटिबद्ध रहेको पाइन्छ ।

पूर्व पश्चिम लम्बाइ ८८५ कि.मि. उत्तर दक्षिण चौडाइ २४१ कि.मि. कतै १९३ कि.मि. रहेको १,४७,१८१ वर्गकि.मि.भित्र फैलिएको पूर्व पश्चिम र दक्षिणमा भारत अनि उत्तरमा चीनबाट घेरिएको भूपरिवेष्ठित राष्ट्र नै नेपाल हो । १५% हिमाल, १७% तराई र ६८% पहाड भएको नेपालमा विभिन्न जातजातिका मानिस भिन्नभिन्न भाषाभाषी पनि भिन्नभिन्न धर्म, संस्कृतिका अनुयायीको बसोबास छ । इतिहासले ४ वर्ण ३६ जातको फूलबारीका रूपमा स्विकारेको हाम्रो देश आज ३६ भन्दा धेरै जातजातिबाट धनी छ । ३६ जातिबाट सयभन्दा बढी जाति बनेको जातिभित्र आज करिब ६० उपजाति भइसकेका छन् । जाति जस्तै भिन्नाभिन्नै भाषाभाषीलाई केलाएर हेर्दा हामी ९० भाषा बोल्ने मानिसहरूको यहाँ बसोबास पाउँछौ । धर्मतिर नियाल्दा १० भिन्नभिन्न धर्म मान्ने धार्मिक समुदायहरू यहाँ भेटिएका छन् । यसरी जातिगत विविधता, भाषिक विभिन्नता र धार्मिक भिन्नताबाट हाम्रो देश सम्पन्न भएकोले नै अन्तरिम संविधान, २०६३ ले धारा १३८ (१) को व्यवस्था गरेको पाइन्छ । वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्न

नै समावेशी समानुपातिक प्रणालीमार्फत लोकतान्त्रिक राज्यको पुनर्संरचना गर्ने व्यवस्था अन्तरिम संविधान, २०६३ ले गरेको छ ।

## सामाजिक विभेदीकरणको अवस्था र स्थिति तथा समावेशीकरणको आवश्यकता

विश्वभरि नै प्राथमिक र माध्यमिक शिक्षामा विद्यमान लैङ्गिक विभेदमा सन् १९९९ देखि कमी आए पनि सन् २००५ सम्ममा उन्मुलन हुन सकेन । कुल ८१ राष्ट्रमध्ये जम्मा ५९ राष्ट्रले प्राथमिक तथा माध्यमिक शिक्षा भर्ना दरमा लैङ्गिक समानता हासिल गर्न सफल भए । यो ०.९७ बाट १.०३ पुगेको छ । यी देश अधिकाङ्श विकसित र परिवर्तनको क्रममा छन् । उत्तर अमेरिका तथा पश्चिम युरोपका १४ मध्ये र पूर्वी युरोपबाट १५, मध्य एसिया, ल्याटिन अमेरिका र क्यारिबियनबाट ५, पूर्वी एसिया तथा प्रशान्त क्षेत्रबाट ७ तथा दुईदुईओटा प्रत्येक सबसहारन अफ्रिका, अरबियन राष्ट्रहरू पश्चिम एसिया रहेका छन् । यी देशहरूमा अझै पनि लैङ्गिक समानता विद्यमान छन् । उच्च शिक्षामा विभेदको स्थिति उच्चतम छ । उपलब्ध सूचनाका आधारमा ६३% राष्ट्रहरूले प्राथमिकमा, ३७% ले माध्यमिक, तथा ३% ले उच्च शिक्षामा समानता हासिल गरेका छन् । १२% ले प्राथमिक तहमा, १०% ले माध्यमिक तहमा ४% राष्ट्रहरू उच्च शिक्षामा लैङ्गिक समानता हासिल गर्न नजिकनजिक छन् । विश्वका अधिकाङ्श भागमा छात्रछात्रा दुवैका लागि भौतिक अवस्था सुरक्षित छैन र शिक्षक मनोवृति र व्यवहार, पाठ्यक्रम र पाठ्यपुस्तक लैङ्गिक पक्षपातपूर्ण (Gender Bias) रहेको छ भने छात्राको प्राज्ञिक उपलब्धतामा विविधता (Converging) छ भने अध्ययन विधा र पेसागत छनोट पनि लैङ्गिक घेराबन्दीमा नै रुमल्लिएका छन् । (UNESCO 2007)। एक्काइसौँ शताब्दीको प्रारम्भको विश्व आर्थिक स्थितिको चित्रण गर्दा सामान्यतः प्रचलित गरिबीको परिभाषाअनुसार ६४ रुपियाँभन्दा कम आम्दानी हुने एक अरब बीस करोड (1.2 Billion) जनसङ्ख्या विकासशील राष्ट्रमा बस्छन् । यी अति गरिब वर्गमा पर्दछन् । यसमध्ये ९० करोड (900 Million) एसियामा बस्छन् । यसले विश्वकै ७५% जनसङ्ख्या ओगटेको छ । यस्तै रु. १२८ अर्थात् दुई अमेरिकी डलरभन्दा कम आम्दानीलाई गरिबीको परिभाषाभित्र ल्याउने हो भने विश्वका करिब साढे दुई अरब (2.5 billion) जनसङ्ख्या विकासशील राष्ट्रमा बस्छन् । (Hallak, 2005)। करिब ४०% जनसङ्ख्या १८ वर्ष उमेरभन्दा कमका छन् । विश्वका तीन चौथाइ जनसङ्ख्या अशिक्षित छन् । त्यसमध्ये दुई तिहाइ महिलाहरू छन् ।

**तालिका नं. १**

**दलितहरूको स्थिति**

| क्र.सं. | विषय | राष्ट्रिय सरदर | दलित |
|---|---|---|---|
| १ | औसत आयु (वर्ष) | ५९ | ५०.८ |
| २ | ५ वर्षमुनि मृत्यु दर (प्रतिहजार) | १०४.८ | १७१.२ |
| ३ | शिशु मृत्युदर (प्रतिहजार) | ७५.२ | ११६.५ |
| ४ | प्रजनन दर (प्रतिमहिला) | ४ | ४.७ |
| ५ | साक्षरता प्रतिशत | ५४ | ३३.८ |
| ६ | एस.एल.सी. र माथि (प्रतिशत) | १७.६ | ३.८ |
| ७. | स्नातक र माथि (प्रतिशत) | ३.४ | ०.४ |
| ८. | गरिबी (प्रतिशत) | ३१ | ४७ |
| ९. | भूमिहीनता (यु.एन.डी.पी. २००४) | ४४% मधेसी (तराई) दलित | १५% पहाडका दलित |
| १०. | व्यवस्थापिकामा प्रतिनिधित्व (२०६३) (अन्तरिम संविधान, २०६३) | ३२९ सांसद | १८ जना ५.४% |

प्राथमिक शिक्षा पूरा गर्ने लाखौं बालबालिकाहरू पढ्न लेख्न सक्तैनन् । बर्सेनी लाखौं बालबालिका गरिबीका कारण प्राथमिक तहको पढाइ छाड्छन् । ५०% गरिब बालबालिकाहरू माध्यमिक शिक्षामा प्रवेश हुँदैनन् । ५ वर्षभन्दा मुनिका ४०% बालबालिकाहरू कुपोषणबाट पीडित छन् । त्यसकारण तिनीहरूले आफ्नो पूर्ण बौद्धिक प्रतिभाको प्रस्फुटन गर्न सक्तैनन् । केही सरकारहरू आफ्ना बालबालिकाभन्दा सैनिकमाथि बढी खर्च गर्दछन् । (ADB, 2003) खास गरी दक्षिण एसियाका ५०% भन्दा बढी जनसङ्ख्या निरक्षर छन् र एक हजारमा ३६ ओटा शिशु मृत्यु दर छ । यो OECD देशहरूका तुलनामा ६ गुणा बढी छ । विश्वका यी जनसङ्ख्या निरक्षर कुपोषण, खराब स्वास्थ्य, विशुद्ध पानीको पहुँचदेखि टाढा तथा बहुतै कमजोर आर्थिक स्थिति कष्टकर जीवन व्यतीत गर्दछन् ।

विश्वमा नै विभेदको स्थिति हेर्दा विश्वका ४०% जनसङ्ख्याले ५% विश्व उत्पादन उपभोग गर्दछन् भने सबैभन्दा धनी २०% जनसङ्ख्या, जो सबैभन्दा बढी आय भएका राष्ट्रहरूमा बस्दछन्, तिनीहरूले ५४% सम्पत्तिको उपभोग गरिरहेका छन् । सन् २००३ मा विश्वका १८ देशका ४६ करोड जनसङ्ख्या मानवीय विकास सूचक (HDI) को तल्लो स्थानमा रहेको पाइन्छ । १ करोड ७० लाख बालबालिकाहरू आफ्नो पाँचौं जन्मदिन हेर्न पाउँदैनन् । विश्वमा अहिले पनि झन्डै ८६ करोड बीस लाख प्रौढहरू निरक्षर छन् । त्यसमा बढी निरक्षरहरू गरिबीबाट ग्रस्त ल्याटिन अमेरिका, अफ्रिका, एसिया तथा प्यासिफिक क्षेत्रका देशमा छन् । हालको शैक्षिक बिस्तारको दरका आधारमा भन्न सकिन्छ, सन् २०१५ पछि १० करोडभन्दा बढी विद्यालय उमेरका बालबालिकाहरू प्राथमिक शिक्षामा प्रवेश पाउँदैनन् । (Hallak, 2005)

**तालिका नं. २**

**२० प्रतिशतभन्दा कम साक्षरता प्रतिशत भएका समूह (६ वर्षमाथिका)**

| जाति/जनजाति | कुल जनसङ्ख्या | साक्षरता प्रतिशत |
|---|---|---|
| मुसहर | १३२३८९ | ७.२८ |
| डोम | ६७२८ | ९.३९ |
| कुसवैया/पत्थरकट्टा | ४०१ | १३.२२ |
| विङ्ग/विन्डा | १५०४७ | १४.८० |
| कुमार | ६८३८ | १५.१५ |
| चमार/हरिजन/राम | २१३४४२ | १९.३४ |
| खत्वे | ५८४२९ | १९.२८ |
| दुसाध/पासवान पासी | १२५५७१ | १९.५९ |

**स्रोत : सेरिड, २००५**

उपर्युक्त तथ्याङ्कले के देखाउँछ भने देशमा २० प्रतिशतभन्दा पनि कम साक्षरता प्रतिशतभित्र आदिवासी जनजाति र पिछडिएका समूहका व्यक्तिहरू पर्दछन् । त्यसमध्ये पनि मुसहरको साक्षरता प्रतिशत सबैभन्दा कम अर्थात् ७.२८ छ भने दुसाध/पासवान/ पासीकोसबैभन्दा बढी अर्थात् १९.५९ प्रतिशत छ ।

वर्तमान अन्तरिम योजनाको वर्तमान स्थितिअनुसार नेपालको ६ वर्ष र १५ वर्षमाथिको साक्षरता दर क्रमशः ६३ र ५२% प्रतिशत छ । साक्षरता लैङ्गिक समता सूचाङ्कका ०.०७ प्रतिशत छ । प्राथमिक तहको खुद भर्ना दर ८७.४ प्रतिशत रहेको छ भने छात्राको सङ्ख्या ४८% छ । त्यस्तै निम्नमाध्यमिक तहमा सहजै देखिने भर्ना दर ७१.५% र छात्रा ४६.६% रहेको छ । त्यसै गरी माध्यमिक तहमा सहजै रूपमा देखिने भर्ना दर ५६.७% हुँदा छात्रा भर्ना ४६.६% छ । सरकारी र निजी गरी कुल विद्यालय सङ्ख्या २८,१३१ पुगेको छ । प्राथमिक तहमा महिला शिक्षकको अनुपात ३०.६% दलितको २.५% र जनजातिको १७.८% छ ।

संविधानमा उल्लिखित समावेशी लोकतन्त्र भनेको राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक, क्षेत्रमा सबै वर्ग, समुदाय, जनजातिको पहुँच सुनिश्चित भएको लोकतन्त्र हो भन्ने बुझिन्छ । समावेशीकरण भएमा विभिन्न कारणले राज्यको मूल प्रवाहमा समावेश हुन नसकेका वा समावेश नगरिएका आर्थिक सामाजिक एवं सांस्कृतिक रूपले समेत पछाडि परेका वा पछाडि पारिएका वर्ग र समुदायलाई समेत लक्षित गरेर राज्यले विशेष नीति तथा कार्यक्रम बनाउनेछ अनि सोही नीति तथा कार्यक्रमअनुसार राज्य सञ्चालन गरिनेछ । ज्ञानबाट पछाडि परेका वा वर्ग समुदाय तथा जातिहरूको पहिचान हुनेछ र तिनीहरूको प्रतिनिधित्व बढ्नेछ भन्ने विश्वास लिइएको पाइन्छ ।

योजनाबद्ध विकासको इतिहासमा नवौं योजनादेखि दलितहरूलाई सोझै लक्षित गरी नीति तथा कार्यक्रम सुरु गरियो । यस्ता प्रयासका कारण उनीहरूको समग्र स्थितिमा सुधारका लक्षणहरू देखा पर्दै आइरहेका छन् । तर दलितहरूको समस्या अथाह भएको र विकासका सेवाप्रदायक सरकारी तथा गैरसरकारी संस्थाहरूले सञ्चालन गरेको कार्यक्रमको मात्रा न्यून भएकाले उनीहरूको स्थितिमा आशातीत परिवर्तन आउन नसकेको कुरा निम्नलिखित तालिकाबाट प्रस्ट हुन्छ :

**तालिका नं. ३**
**दलितहरूको स्थिति**

| क्र.सं. | विषय | राष्ट्रिय सरदर | दलित |
|---|---|---|---|
| १. | औसत आयु (वर्ष) | ५९ | ५०.८ |
| २. | ५ वर्षमुनि मृत्यु दर (प्रतिहजार) | १०४.८ | १७१.२ |
| ३. | शिशु मृत्यु दर (प्रतिहजार) | ७५.२ | ११६.५ |
| ४. | प्रजनन दर (प्रतिमहिला) | ४ | ४.७ |
| ५. | साक्षरता (प्रतिशत) | ५४ | ३३.८ |
| ६. | एस.एल.सी र माथि (प्रतिशत) | १७.६ | ३.८ |
| ७. | स्नातक र माथि (प्रतिशत) | ३.४ | ०.४ |
| ८. | गरिबी (प्रतिशत) | ३१ | ४७ |
| ९. | भूमिहीनता (युएनडिपी २००४) | ४४ प्रतिशत मधेसी (तराई) दलित, १५ प्रतिशत पहाडका दलित | |
| १०. | व्यवस्थापिकामा प्रतिनिधित्व (२०६३) (अन्तरिम संविधान, २०६३) | ३२९ सांसद | १८ जना ५.४७ प्रतिशत |

(स्रोत : तीन वर्षीय अन्तरिम योजना (२०६४/६५-२०६६/६७, नेपाल सरकार, राष्ट्रिय योजना आयोग, सिंहदरबार काठमाडौं नेपाल, मंसिर २०६४ पेज नं. १०६) ।

तालिका नं. ३ अनुसार दलित जनजातिको ५ वर्षमुनि मृत्यु दर (प्रतिहजार १७१.२ रहेको देखिन आउछ र दलितहरूको अवस्था निकै दयनीय छ ।

नेपालभित्र रहेका जातजातिहरूको अध्ययन गर्ने हो भने हामी क्षेत्री जातिले १५.८०५% क्षेत्र ओगटेको पाउँछौ । इतिहासमा राज्य सञ्चालनको मूल धारमा रहेको यस जातिभन्दा पृथक् जातिले ८४.१९५% भूभाग ओगटेको छ । यसमा ब्राह्मण क्षेत्रीले १२.७४५% क्षेत्र, नेवारले ५.४८५% क्षेत्र, मगरले ७.१४५% क्षेत्र, थारूले ६.७५% क्षेत्र, तामाङले ५.६४५% क्षेत्र, राईले २.७९५% क्षेत्र, गुरुङले २.३९५% क्षेत्र, लिम्बूले १.५८% र यादवले ३०.९५४% क्षेत्र ओगटेका छन् । दलित जातिभित्र पनि कामी, दमाई, धोबी, सार्की, चमार, हरिजन आदि अनेक

उपजाति छन् । दलितमध्येको कामीको बसोबासमात्र ३.९४५% क्षेत्रमा भएको पाइन्छ । त्यस्तै दमाई र धोबीले १.४०५% क्षेत्रमा बसोबास गरेका छन् । हरिजनले १.१९५% क्षेत्र ढाकेको छ । थोरै देखिने चेपाङ जातिले समेत कुल जनसङ्ख्याको ०.२३ क्षेत्र ओगटेको पाइन्छ । गोरखा, धादिङ, मकवानपुर र चितवन जिल्लामा बसोबास गर्ने चेपाङको सङ्ख्यामात्र ५२ हजार २ सय ३७ पुगेको छ । यसबाट के भन्न सकिन्छ भने ८१% हिन्दू धर्म मान्ने भई १९% अन्य धर्म मान्नेलाई अब बेवास्ता गर्दै हिजोको जस्तो हिन्दू राज्य नेपाल भन्न पक्कै मिल्ने छैन । यसले गर्दा राज्य संरचना समावेशी समानुपातिक हुनु अत्यावश्यक छ । महिला र पुरुष मानव सृष्टिका प्रमुख दुई भेद हुन् । प्रकृतिले सृजना गरेका दुई जाति वा केवल महिला वा पुरुषमात्र हुन् । माथि विश्लेषण गरिएका प्रत्येक जाति मानव निर्मित हुन्, जुन हिजोको आवश्यकताले वा अज्ञानताले निर्माण हुन पुगे । त्यसैले ती भोलिका आवश्यकताले वा व्यवस्थाले विलय हुन सक्छ तर महिला र पुरुष दुई जातिको उत्पति प्राकृतिक हो । महिला र पुरुष दुई जातिविना मानव सभ्यताको क्रम रोकिनेछ अर्थात् प्रमुख दुई जाति भनेको महिला र पुरुष नै हुन् । यी दुई भेदभित्र सम्पूर्ण विकासको अध्ययन गर्न सकिन्छ र सम्पूर्ण भविष्यको योजना बनाउन सकिन्छ । नेपालका २ करोड ३ लाख ५१ हजार ४ सय नेपालीको बसोबास छ । यसमा १ करोड १५ लाख ८७ हजार ५ सय २ महिला छन् भने १ करोड १५ लाख ६३ हजार ९ सय २१ पुरुष छन् । २५ हजार बढी देखिने महिलाले आज ५०.५% क्षेत्र ओगटेका छन् । यसरी सङ्ख्यात्मक रूपमा बढी देखिएका महिलाको स्थितिलाई केलाउँदा हामी पुरुषको भन्दा दयनीय अवस्था रहेको पाउँछौ । साक्षर महिलाको सङ्ख्या ३४.९% मात्र छ । शिक्षित अर्थात् उच्च शिक्षा हासिल गर्नेको सङ्ख्या अझ न्यून छ । यहाँ महिलाको श्रमबाट ६०% उत्पादन हुने गरेको पाइन्छ तर महिलाको स्वामित्व भएको घरपरिवार भने १०.४८% मात्र छ । त्यस्तै कुल कृषियोग्य जमिनको ४.४% जमिनमा मात्र महिलाहरूको स्वामित्व देखिन्छ । घरमूलीका रूपमा महिलालाई हेर्दा केवल १४.९% महिलामात्र भेटिएका छन् ।

रोजगारमा महिलाको अवस्था हेर्दा पनि दयनीय देखिन्छ । १७.५% महिला कृषि क्षेत्रमा रोजगार छन् भने निजामती सेवामा झन् ९.१६% मात्र महिला रोजगार छन् । प्रत्येक प्राथमिक विद्यालयमा एक शिक्षिका अनिवार्य गर्ने नीतिले प्राथमिक तहमा कार्यरत महिलाको सङ्ख्या भने ४०.१% पुगेको छ । तर माध्यमिक तहमा ११.३% र नि.मा.वि. तहमा १८.९ महिला कार्यरत छन् । नीति निर्माणका तहमा महिलाको पहुँच खासै छैन । सर्वोच्चदेखि जिल्ला तहसम्म कार्यरत २०० जना न्यायाधीशमा महिला न्यायाधीशको सङ्ख्या केवल ५ मात्र छ । (स्रोत : उद्धव प्याकुरेल, “राज्य पुनर्संरचना र पहिचानको प्रश्न”, कान्तिपुर, २०६३ कार्तिक २०, पृष्ठ ७) । न्यायसेवामा कार्यरत विशिष्ट श्रेणीमा महिलाको उपस्थिति शून्य छ । न्याय समूहतर्फ भने २०५ जनामा २ जना महिला कार्यरत छन् । त्यस्तै कानुन समूहमा कार्यरत ४६ जनामध्ये २ जना र सरकारी वकिल समूहमा कार्यरत १०४ जनामध्ये २ जना महिला कार्यरत छन् । कानुन व्यवसायी महिलालाई हेर्ने हो भने १०,००० भन्दा बढी पुरुषले प्रमाणपत्र प्राप्त गर्दा १,००० भन्दा कम महिलाले मात्र वकालत गर्ने प्रमाणपत्र प्राप्त गरेका छन् । यसरी कम्ती प्रमाणपत्र प्राप्त गर्ने महिलाहरूमध्ये पनि निकै कममात्र यस पेसामा सक्रिय छन् ।

यसरी हेर्दा बराबर स्थान ओगट्नुपर्ने महिलाहरूको सम्बन्धित क्षेत्रमा पहुँच निकै कममात्र पाइन्छ । यसलाई बढाएर पुरुषको हाराहारीमा पुऱ्याउने उद्देश्यले पुनर्जीवित संसद्को २०६३ साल ज्येष्ठ १६ गतेको महिलासम्बन्धी महत्त्वपूर्ण चार निर्णयलाई समावेश गरेर अन्तरिम संविधान, २०६३ हाम्रो सामु आएको छ । न्यूनतम स्थानमात्र प्राप्त गर्न सफल महिलाका लागि एकैपटक पुरुषसरह ५०% स्थान प्रदान गर्दा धेरै कठिनाइ देखिने अनुभव गरी ३३% स्थान प्रत्येक संरचनामा महिलाका लागि सुरक्षित गर्ने कुरा उल्लेख गर्दै समावेशी, समानुपातिक निर्वाचनमा बहुमतीय निर्वाचन प्रणालीलाई जोडेर एकतिहाइ पुऱ्याउने कुरा स्पष्ट रूपमा अन्तरिम संविधान, २०६३ मा उल्लेख गरिएको छ ।

नेपाल मानव विकास प्रतिवेदन, २००९ मा उल्लेख गरिएअनुसार नेपालको मानव विकास सूचकाङ्कमा सहरी-ग्रामीण विभाजन, पर्यावरणीय क्षेत्र र विकास क्षेत्र तथा उपक्षेत्रअनुसार ठूलो अन्तर छ । औसतमा

सहरमा बस्नेहरूको मानव विकास गाउँमा बस्नेहरूको तुलनामा धेरै उच्च, क्रमशः ०.६३० र ०.४८२ छ। पहाडमा बस्नेहरूको उच्चतम स्तर छ भने हिमालमा बस्नेहरूको न्यूनतम छ। विकास क्षेत्रहरूमध्ये मध्य पश्चिमाञ्चल विकास क्षेत्रको मानव विकासको स्तर न्यूनतम छ र १५ उपक्षेत्रमध्ये पश्चिमका हिमाली उपक्षेत्रहरूमा सबैभन्दा न्यून छ।

काठमाडौँलाई छाड्ने हो भने नेपालको मानव विकास सूचकाङ्क ०.५०९ बाट ०.४९४ मा झर्छ अनि पहाडी क्षेत्र तथा मध्यमाञ्चल विकास क्षेत्र सबैभन्दा उच्च स्थानबाट तल्लो स्थानतिर ओर्लिन्छ। यसले काठमाडौँ र राजधानीबाहिरका मानिसबीच ठूलो असमानता औँल्याउँछ। मुर्सेद र गेट्स (२००५) ले पहाडी तथा हिमाली क्षेत्रका दुर्गम ग्रामीण जिल्लाका मानिसहरूको सापेक्ष वञ्चितीकरणको हद ज्यादै उच्च पाएका छन् अनि उनीहरू ती क्षेत्रमा विकासको अभावले माओवादी विद्रोहलाई बढाएको छ भन्ने तर्क गर्छन्। यीबाहेक केही मधेसीबहुल जिल्ला पनि मानव विकासको सूचकका दृष्टिले अति कम विकसित जिल्लामध्येमा पर्छन्।

समय क्रममा मानव विकासमा वृद्धि भएको छ तर स्थानगत असमानता सामान्यतः करिबकरिब उही देखिन्छ। विशेष गरी समग्र मुलुकको मानव विकास सूचकाङ्कको मान २००१ मा ०.४७१ बाट १.६ प्रतिशत वार्षिक दरमा ८ प्रतिशतले बढेर २००६ मा ०.५०९ पुग्यो। मानव विकास सूचकाङ्कको मानका आधारमा क्षेत्रहरूको तुलना गर्दा ग्रामीण वा सहरी क्षेत्र तथा पर्यावरणीय क्षेत्रहरूको स्थानमा परिवर्तन भएको छैन। तर विकास क्षेत्रगत स्थानमा परिवर्तन आएको छ। २००१ मा मध्यमाञ्चल विकास क्षेत्र तेस्रो स्थानमा थियो भने २००६ मा पहिलो स्थानमा आयो। आंशिक रूपमा यसको कारण विकास काठमाडौँमा केन्द्रित हुनु तथा द्वन्द्वको अवधिमा धनी मानिस ग्रामीण क्षेत्रबाट काठमाडौँ बसाइँ सर्नु हो। यसको ठीक उल्टो सुदूर तथा मध्य पश्चिमाञ्चल विकास क्षेत्रका मानिस भने अझै सन् १९९६ र २००१ मा जस्तै सबैभन्दा तल्लो स्थानमा छन्। युद्धपूर्वको समानतालाई कायमै राखेर विगत दश वर्षमा असुरक्षाले सहरी क्षेत्रमा भन्दा ग्रामीण क्षेत्रमा सार्वजनिक सेवा तथा निजी क्षेत्रका गतिविधिहरूलाई अझ बढी असर पारेको छ। यसले समतापूर्ण आर्थिक वृद्धिमा जोड नदिएको सरकारी नीतिका कमजोरीहरूलाई पनि सङ्केत गर्छ। फलस्वरूप गरिब पक्षीय नीतिका लागि पछि पारिएका समूह र क्षेत्रहरूको राजनीतिक समावेशीकरणलाई प्रारम्भ विन्दुका रूपमा लिन सकिन्छ।

लैङ्गिक विकास सूचकाङ्कका आधारमा गरिएको मापनअनुसार नेपालमा समग्र देशको महिला र पुरुषका सामर्थ्यबीच न्यून अन्तर छ तर केही क्षेत्र र विकास क्षेत्रहरूमा भने यो अन्तर अरूमा भन्दा उच्च छ, ती क्षेत्रहरूमा सामान्यतः ग्रामीण क्षेत्रहरू पर्छन् भने विशेष उल्लेखनीय रूपमा हिमाली तथा मध्य पश्चिमाञ्चल विकास क्षेत्र पर्छन् यसले ती क्षेत्रमा महिलाको मानव विकासको स्तर न्यून रहेको सङ्केत गर्छ। उपक्षेत्रीय स्तरमा मध्य पश्चिमाञ्चल तथा सुदूर पश्चिमाञ्चलको पहाडी तथा हिमाली, मध्यमाञ्चल तथा पश्चिमाञ्चलका हिमाली उपक्षेत्रहरूमा महिलाको स्थिति सबैभन्दा नराम्रो छ। (स्रोत : नेपाल मानव विकास प्रतिवेदन, २००९, राज्य रूपान्तरण र मानव विकास UNDP, Nepal, p.36)। समग्रमा सन् २००१ को तुलनामा २००६ मा सबै पर्यावरणीय तथा विकास क्षेत्र र उपक्षेत्रमा लैङ्गिक असमानता घटेको छ। तर मध्य तथा सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका हिमाली उपक्षेत्रमा यो अझ उल्लेख्य रूपमा घटेको पाइएको छ। मानव विकास सूचकाङ्कको सापेक्षतामा लैङ्गिक विकास सूचकाङ्कको अनुपातले महिलाको स्तरमा सुधारको प्रवृत्तिलाई देखाएको छ। यस सुधारको मुख्य कारण महिलाको औसत आयुमा वृद्धि हो, जसले हालैका वर्षहरूमा पुरुषको औसत आयुलाई उछिनेको छ। यसका साथै बालिकाहरूको विद्यालय भर्नामा वृद्धिले लैङ्गिक अन्तर घटाएको हुन सक्छ। यसो भए तापनि लैङ्गिक असमानताको ह्रासको अनुपात घटिरहेको छ। यो अनुपात १९९६ र २००१ को अघिल्लो ५ वर्षको अवधिको तुलनामा २००१ र २००६ बीचको अवधिमा उल्लेख्य रूपमा मन्द भएको छ। यसले भविष्यमा लैङ्गिक असमानता घटाउन महिलाहरूको विकासमा धेरै स्रोतसाधन आवश्यक पर्ने कुराको सङ्केत गरेको छ। महिलाको सहभागिता पनि भौगोलिक क्षेत्रअनुसार फरक-फरक छ। २००१ र २००६ को बीचमा नेपालमा लैङ्गिक सशक्तीकरण मापक १.२७ गुणन खण्डले सुधार भयो। तर असमानताको ठूलो अन्तर कायम

छ । लैङ्गिक सशक्तीकरण मापक पश्चिम तराईमा ०.३९१ देखि पूर्वाञ्चलको पहाडी उपक्षेत्रमा उच्च ०.५३८ सम्मको अन्तर देखिन्छ । ग्रामीण क्षेत्रका हिमाली तथा तराई क्षेत्रका र खास गरी मध्य पश्चिमाञ्चल, सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका महिलाहरू राजनीतिक तथा आर्थिक निर्णय प्रक्रियामा कम सहभागी छन् । अनि आर्थिक स्रोतमाथि तिनीहरूको कम अधिकार छ । (मानव विकास प्रतिवेदन २००९, पेज नं. ३८ र ३९) ।

## समावेशीकरणको पक्षमा तर्क

समावेशी लोकतन्त्र बहुजातीय र बहुसांस्कृतिक देशका लागि उपयुक्त मानिन्छ । फ्रेन्च क्रान्तिले वकालत गरेको व्यक्तिका लागि स्वतन्त्रता, समानता र भ्रातृत्वको नारालाई समावेशी लोकतन्त्रले समुदायका लागि समेत बिस्तारित गरेको छ । संयुक्त राष्ट्र सङ्घ, संयुक्त राष्ट्र विकास कार्यक्रम र अन्तर्राष्ट्रिय श्रम सङ्गठनजस्ता विश्व संस्थाहरूले समेत यस पक्षमा आफ्नो नीति र व्यवहारलाई केन्द्रित गरेका छन् । समावेशीकरणले विकासशील देशहरूमा संसदीय प्रकृतिको बहुमतीय प्रणालीबाट उत्पन्न अस्थिरताको समस्या हल गरी लोकतन्त्रलाई स्थायित्व प्रदान गर्न मद्दत गर्दछ । यसले राजनीतिक शक्तिहरूबीच सन्तुलन कायम गर्दछ । तिनीहरूबीच सङ्घर्ष समाधान गर्न र देश निर्माणका लागि सहमति खोज्न प्रेरित गर्दछ । जाति, भाषा, धर्म, लिङ्ग र क्षेत्र सबैङ्का प्रतिनिधित्वलाई अधिकारका रूपमा संवैधानिक व्यवस्था गर्दछ । मुलुकका क्रियाशील वर्गलाई आफ्ना अगुवा पार्टीका माध्यमबाट वर्गीय सहभागिताका लागि मार्ग प्रसस्त गरिन्छ । यसले असमानहरूबीच समान प्रतिस्पर्धा गराउने बहुमतीय प्रणालीको सट्टामा साना एवं कमजोर समुदायहरूबीच आफू वा आफू बराबरका समुदायहरूलाई मात्र प्रतिस्पर्धा गराई प्रतिनिधित्वलाई सुनिश्चित गर्दछ । मुलुकमा देखा पर्ने द्वन्द्वलाई सडकबाट संसद् र सरकारसहितको राज्य प्रणालीहरूमा पुऱ्याउने हुँदा यसले सामाजिक द्वन्द्वलाई लोकतान्त्रिक निकास दिन्छ । राजधानीमा केन्द्रित भएका राज्यका साधन र स्रोतहरूलाई स्थानीय निकायसम्म पुग्ने गरी समानुपातिक रूपमा वितरण गर्दछ । राजनीतिक र सामुदायिक शक्तिहरूबीच साझेदारी कायम हुन्छ । राज्यद्वारा शक्तिको एकपक्षीय रूपमा प्रयोग हुन पाउँदैन । शक्तिमा नियन्त्रण र सन्तुलन कायम हुन्छ । देशका ठूला-साना सबै पार्टी र जातिहरूबीच सहकार्य हुन्छ । यसले गर्दा वैदेशिक हस्तक्षेप एवं चलखेल हुन पाउँदैन । यसले बहुजातीय बहुसांस्कृतिक देशमा जातीय एवं क्षेत्रीय उत्पीडनका कारण उत्पन्न हुने हिंसात्मक द्वन्द्वको व्यवस्थापन गर्दछ र देशका सबै सांस्कृतिक समुदायहरू समान रूपमा साझेदार हुने हुँदा राष्ट्रिय एकतालाई समेत मजबुत पार्दछ ।

समावेशी शिक्षाभित्र विविधतालाई स्वागत गर्ने, सम्मान गर्ने, प्रत्येक इच्छुक सिकारुलाई शिक्षा पद्धतिबाट लाभान्वित बनाउने, प्रत्येक बालबालिकालाई समान शैक्षिक अवसरको सुनिश्चितता गर्ने तथा सिकाइ क्षमतालाई बढोत्तरीमा सहयोग पुऱ्याउने, शैक्षिक प्रक्रियाको बाधालाई बढोत्तरीमा सहयोग पुऱ्याउने, शैक्षिक प्रक्रियाका बाधालाई हटाई सिकाइलाई सहज वातावरणमा सम्पन्न गराउने र जोखिमपूर्ण अवस्थामा जिउन बाध्य बालबालिकालाई उचित अवसर र वातावरण निर्माण गरी शैक्षिक विकासमा जोड दिने व्यवस्था मिलाउन आवश्यक छ ।

समावेशी शिक्षासम्बन्धी विगतदेखि हालसम्म बुलन्द रूपमा आवाज उठे तापनि हाम्रो समाजमा अझै कैयौं बालबालिकाहरू सडकमा र विद्यालयबाहिर छन् । खाते नामले चिनिन्छन्, ठूलाठालुका घरमा बालश्रमिक बनेका छन्, कारागारभित्र चिसो छिँडीमा जिउन बाध्य छन् । मोटरहरूमा खलासीको पद भिरेका छन्, खेतबारीमा किसानको कुटो कोदालो भिरेर काम गर्न बाध्य छन् । अर्को थरी घरपरिवारको ज्यादती सहन नसकेर अनाथालयमा छन् । बुद्धि विवेक एवम् शिक्षाको अभावले केवल नारामात्र बन्न जान्छ । सबैलाई मैत्रीपूर्ण वातावरण प्रदान गरेर समावेशी शिक्षा प्रदान गर्नुपर्दछ राज्यले ।

आवश्यकताले गर्दा नै समस्याको सृजना हुने गर्दछ । समस्यालाई पनि विभिन्न खाले दर्शन (आँखा) ले हेर्न, चिर्न र केलाउन सकिन्छ, जस्तै : शिक्षकको आँखाबाट, अभिभावकको आँखाबाट समाजको आँखाबाट,

विद्यार्थीको आँखाबाट, राज्यको आँखाबाट, विश्व परिवेशको आँखाबाट अनि प्रतिबद्धता र लगानीको आँखाबाट । आखिर गहिँरिएर हेर्दा समय विभिन्न किसिमका छन् । दशौँ योजनाले सबैङ्का लागि शिक्षा नीति त बनायो तर कार्यान्वयनका लागि आवश्यक लगानी, प्रतिबद्धता र समावेशीपनमा कमी देखियो । नीति बनाउनु कुनै समस्या देखिएन । नीतिको कार्यान्वयन कसरी भयो ? हाम्रो विगत अभ्यासलाई हेरेर विचार गरेनौँ, राज्यको प्रशासनिक क्षमतालाई क्षतविक्षत पार्न तम्सियौँ । त्यस्तै शक्ति केन्द्रका नजिक 'घुमन्ते' र 'फिरन्ते' को काम गर्नेको क्षमता विकासमात्रै प्राथमिकतामा परेको देखियो । शिक्षक तथा पटके प्राध्यापक तालिमले शैक्षिक उन्नति हुन्छ भन्ने साँघुरो बुद्धिमात्र घुमिरह्यो, पाठ्यक्रमलाई समावेशी बनाउन ध्यान दिएनौँ र विकास प्रक्रियालाई केन्द्रमुखी बनायौँ । नीति, कार्यक्रम र कार्यान्वयनबीचको खाडल हटाउने प्रयास गरेनौँ । हाम्रो शिक्षाको विकास अरूले गरिदिन्छ भनेर अर्काको बुद्धि ग्रहण गर्‍यौँ । यसरी यस्ता विविध पक्षमा ध्यान दिइएको पाइएन ।

गरिब, पिछडिएका, दलित, जनजाति, महिला, अशक्त, अपाङ्ग, घरेलु श्रमिक, सडक बालबालिका आदिलाई पर्याप्त मात्रामा सम्बोधन गरी उनीहरूको रुचि र आवश्यकतानुरूप शिक्षा दिनु समावेशी शिक्षा हो । त्यसै गरी विभिन्न कारणले शिक्षाको अवसर प्राप्त गर्न नसकेका प्रौढहरूलाई उनीहरूको आवश्यकताअनुरूप शिक्षा दिने उपाय पनि समावेशी शिक्षा हो । समावेशी शिक्षाका उद्देश्य निम्नलिखित छन् :-

- शिक्षाको मूलधारबाट वञ्चित रहेका बालबालिकाहरूको वास्तविक अवस्था अध्ययन गरी तिनलाई शिक्षाको अवसर सिर्जना गर्ने ।
- शिक्षाको माध्यममा समावेशी तरिका अपनाउनु ।
- शिक्षण सिकाइ प्रक्रियालाई समावेशी बनाउनु ।
- सिकारुको रुचि, आवश्यकताअनुसार समावेशी मूल्याङ्कन प्रक्रिया अपनाउनु ।
- शिक्षालाई आवश्यकतामुखी एवं जीवनोपयोगी बनाई कार्यान्वयन गर्नु ।
- शैक्षिक योजना निर्माणदेखि कार्यान्वयन प्रक्रियासम्म समावेशी अवधारणाअनुसार कार्य गर्नु ।
- विद्यार्थी केन्द्रित (Childcentered) शिक्षण प्रक्रिया अवलम्बन गर्नु ।
- शिक्षकलाई समावेशी अवधारणाका बारेमा आवश्यक ज्ञान, सीप प्रदान गर्नु ।

यसरी समावेशी शिक्षाले राष्ट्रका चार वर्ण र छत्तीस जातका फूलबारीमा सबै बालबालिका रूपी फूलहरू रमाउन । शिक्षाको न्यानो घामबाट कोही पनि वञ्चित नरहून् भन्ने उद्घोषणलाई सार्थक बनाउने तथा समग्रमा शिक्षामा सामाजिक न्याय दिलाउनेसशक्त उपाय हो ।

## समावेशीकरणको विपक्षमा तर्क

समावेशीकरणका सकारात्मक पक्षहरू हुँदाहुँदै पनि विभिन्न प्रकारका कमीकमजोरीहरूबाट मुक्त रहन सकेको छैन । समावेशी लोकतन्त्र अथवा समावेशीकरणमा वर्गीय, लैङ्गिक, जातीय र क्षेत्रीय रूपले सबैलाई सहभागी बनाइन्छ । यसबाट लोकतन्त्र सबैङ्का लागि हो भन्ने मान्यताले स्थान पाउँदैन । यसले सापेक्ष लोकतन्त्रको मान्यतामा जोड दिन्छ । यसमा समानुपातिक प्रतिनिधित्वको अधिकार सुरक्षित हुन्छ । यसबाट प्रतिस्पर्धात्मक क्षमता कमजोर हुन जान्छ । यसले राज्यको दक्षतामा आधारित शासन प्रशासनलाई नियन्त्रण गर्दछ । यो सहमतीय शासनमा आधारित हुने हुँदा निर्णय प्रक्रियामा तीव्रता आउँदैन । निर्णयहरू वार्ता अथवा सौदाबाजीमा निर्भर रहने हुँदा पर्याप्त मात्रामा सन्तुष्टि प्राप्त हुँदैन । जनताको अभिमतअनुसार राजकीय सत्ता र शासन प्रणालीमा प्रतिनिधित्व हुन्छ । आफू स्वयंको अथवा आफ्ना पार्टीको दृष्टिकोणमा मात्र आधारित भएर चल्न सकिँदैन । सत्ता साझेदारीका आधारमा आफ्ना कार्यक्रम बनाई चल्नुपर्ने हुन्छ ।

समावेशीकरणका लागि नेपालले अपनाएका ठोस प्रयासहरूमा नेपालको अन्तरिम संविधान, २०६३ का विभिन्न धाराहरूमा विभिन्न प्रकारका समावेशी प्रयासहरू राखिएका छन् । ती सबै व्यवस्थाहरू अधिकारवादी

धारामा आधारित छन् । संविधानको धारा १४ मा राखिएको छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हक, धारा १८ को रोजगारी तथा सामाजिक सुरक्षा र धारा २१ को सामाजिक न्यायसम्बन्धी हकहरू यसका उदाहरण हुन् । साथै धारा ३५ को उपधारा १० मा आरक्षण र सकारात्मक विभेदको नीति लिइने स्पष्ट उल्लेख गरिएको छ । त्यस्तै कानुनहरूको व्यवस्थाहरूको हकमा मुलुकी ऐनले छुवाछुतलाई दण्डनीयमात्र हैन कि क्षतिपूर्तियोग्यसमेत बनाएको, स्थानीय स्वायत्त शासन ऐनले समावेशी प्रतिनिधित्वलाई जोड दिएको र पुनर्स्थापित प्रतिनिधिसभाले २०६३ जेठ ४ गते नेपाललाई जातीय छुवाछुत मुक्त राष्ट्र घोषणासमेत गरिसकेको अवस्था छ । नेपालको अन्तरिम संविधान, २०६३ ले यी समस्याहरूलाई सम्बोधन गर्ने प्रयास गर्‍यो । संविधानको धारा ६३ (४) ले राजनीतिक दलहरूले उमेदवार चयन गर्दा समावेशी सिद्धान्तलाई ध्यान दिनुपर्ने र समानुपातिक उमेदवारहरूलाई सूचीकृत गर्दा आफ्ना उमेदवारहरूको सूचीमा महिला, दलित, उत्पीडित जाति/आदिवासी जनजाति, पिछडिएका क्षेत्र र मधेसीहरूलगायत अन्य वर्ग र क्षेत्रहरू समावेश गर्नुपर्ने व्यवस्था गरी समावेशीकरणको प्रारम्भ गरेको छ । धारा ६३ को उपधारा (५) ले राजनीतिक दलहरूले आफ्नो समानुपातिक उमेदवारहरूको सूचीमा ३३ प्रतिशत महिलाको नाम समावेश गर्नुपर्ने बाध्यात्मक व्यवस्था गरेको छ । तर यो व्यवस्थामात्रै महिला, जनजाति, पिछडिएका क्षेत्रका जनता एवं अन्य अपवर्जित समुदायका जनताको सही प्रतिनिधित्वका लागि पर्याप्त छैन । नयाँ संविधानले महिला तथा पिछडिएका जनजाति तथा क्षेत्रका जनताको उमेदवारीमा मात्र होइन कि उचित प्रतिनिधित्वको अनिवार्य व्यवस्था र संर चना तयार गर्नुपर्छ । प्रत्यक्ष निर्वाचनमा उचित प्रतिनिधित्व हुन नसकेमा सोको क्षतिपूर्ति समानुपातिक प्रतिनिधित्वमार्फत गराउने व्यवस्था गरिनुपर्छ । नेपालको अन्तरिम संविधान, २०६३ को भाग ४ को उपधारा (घ) मा उल्लेख गरिएअनुसार वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, दलित, आदिवासी जनजाति, मधेसी, उत्पीडित, उपेक्षित र अल्पसङ्ख्यक समुदाय, पिछडिएका क्षेत्रलगायतका समस्याहरूलाई सम्बोधन गर्न राज्यको वर्तमान केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनर्संरचना गर्ने, (घ१) मुलुकको राज्य संरचनाका सबै अङ्गमा मधेसी, दलित, आदिवासी जनजाति, महिला, मजदुर, किसान, अपाङ्ग, पिछडिएका वर्ग र क्षेत्र सबैलाई समानुपातिक समावेशीका आधारमा सहभागी गराउने ।

समावेशीकरण र असमावेशीकरण अथवा सामाजिक वञ्चितीकरणका लागि महत्त्वपूर्ण उपायहरू :

१. सकारात्मक विभेदका कार्यतर्फ नीति निर्माणका तहहरूमा विशेष गरेर प्रशासनिक क्षेत्रहरूमा, मनोनयन वा नियुक्ति हुने आयोगहरूमा र स्थानीय निकायहरूमा सबै वर्गको प्रतिनिधित्व गराउन क्षमता अभिवृद्धिका साथै सकारात्मक विभेदको नीति लिनुपर्छ । निजामती सेवालाई थप समावेशी बनाउन अल्पकालमा अर्थात् पाँच वर्षका लागि अभियानकै रूपमा नियुक्ति पूर्व तालिम कार्यक्रम, तयारी कक्षाहरू र क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ ।
२. सामान्य रूपमा असमावेशी कार्यहरूलाई स्थगित गरी असमावेशी र सुविधासम्पन्न वर्गबीचको विभेद भत्काई असमावेशी र सुविधासम्पन्न वर्गबीचको दूरी कम गर्दै जान सकिन्छ । यसै क्रममा समावेशी र असमावेशीबीच अन्तर्सम्बन्ध र सहकारी बढाउँदै विकासका आयामहरूलाई समानुपातिक रूपमा बढाउने तहगत शृङ्खला बनाई समावेशीकरण गर्न सकिन्छ ।
३. समावेशीकरणका सम्बन्धमा नीतिगत रूपमा सरकार स्पष्ट हुनुपर्दछ । राज्यले कस्तो नीति लिने र त्यसको कार्यान्वयन कसरी र कहिलेसम्ममा गर्ने भन्ने सन्दर्भमा राज्यको नीतिगत धारणा स्पष्ट हुनुपर्छ । नेपालजस्तो बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक र विभिन्न वर्ग र समुदायले बसोबास गरेको देशका सन्दर्भमा राज्यले विशेष व्यवस्था गरी सबैलाई समान अवसर प्राप्त हुने स्थिति सिर्जना गर्नु अति आवश्यक छ ।
४. समावेशीकरणको अवधारणाको कार्यान्वयनमा राजनीतिक प्रतिबद्धताको आवश्यकता पर्दछ । समावेशीकरणको मुद्दा मुख्यतः राजनीतिक मुद्दा हो । यसको सुरुआत राजनीतिक पदमा धेरै सिटको

व्यवस्था गरेर गर्न सकिन्छ। ज्ञान र सीपका क्षेत्रमा हरेक नागरिकलाई सशक्त नबनाई समावेशीकरणको अवधारणा व्यवहारमा उतार्न सकिँदैन। यसैले शैक्षिक क्षेत्रमा बढीभन्दा बढी आरक्षणको व्यवस्था गर्नु आवश्यक छ। सामाजिक परम्परा र देखावटी तडकभडकले महिला तथा पिछडिएका अन्य वर्गले सम्मानपूर्वक बाँच्न कठिन परिरहेछ। यस्ता गलत प्रवृत्तिहरूमा तुरुन्त रोक लगाई हैसियतअनुरूपको कार्य गर्ने वातावरण सिर्जना गर्न सरकार, राजनीतिक दलहरू, नागरिक समाजका संस्थाहरू लागिपर्नु आवश्यक भएको छ।

५. महिला, दलित र जनजातिको पहुँचमा बाधा पुऱ्याउने तत्त्वहरू पत्ता लगाउनका लागि मूलधारका सबै कार्यक्रमको व्यवस्थित ढङ्गले विश्लेषण गर्ने र ती बाधा पन्छाउनका लागि उपयुक्त संरचना तयार गरी त्यसका लागि प्रोत्साहन दिने। समावेशीकरणका लक्ष्य प्राप्तिका निमित्त सबै क्षेत्रलाई जिम्मेवारी दिई जवाफदेही बनाउनुका साथै विभिन्न जाति र जनजाति लिङ्गका क्षेत्रमा भएका उपलब्धि स्पष्ट देखिने सूचक तयार गर्ने र सुधारका लागि नीतिगत कदमहरूलाई प्रभावकारी बनाउनका लागि क्षेत्रगत अनुगमन र मूल्याङ्कन प्रणालीलाई गरिबी अनुगमन तथा विश्लेषण प्रणालीसँग जोड्ने गर्नुपर्दछ।

६. विभिन्न मन्त्रालयले उठाएका समावेशी कदमहरूबीच समन्वय र तिनको अनुगमन गर्नका लागि राष्ट्रिय योजना आयोगमा समावेशी कार्यदल गठन गर्ने र यसलाई गरिबी निवारण रणनीति पत्रको केन्द्रीय अनुगमन प्रणालीसँग समन्वय गराउने र यस कार्यदलले पछि गएर समावेशीकरणका सम्बन्धमा दशौं योजनाले हासिल गरेका उपलब्धिको मूल्याङ्कन गर्नुका साथै अरू योजनाहरूका लागि प्रस्ताव तयार गर्ने कामको नेतृत्व लिन सक्छ।

७. सम्बन्धित सबै मन्त्रालयका नीति तथा कार्यक्रमलाई समावेशी बनाउनका लागि लैङ्गिक सम्पर्क व्यक्तिलाई क्षेत्रगत सामाजिक समावेशीकरण एकाइको अङ्गका लैङ्गिक दलित र जनजाति विषयका विशेषज्ञ नियुक्त गर्ने अधिकारप्राप्त वरिष्ठ सरकारी अधिकारी यस एकाइको प्रमुख हुनुपर्छ। जिल्ला स्तरमा रहेको महिला विकास कार्यालयको क्षमताको उपयोग गर्दै जिल्लामा लैङ्गिक तथा सामाजिक समावेशीकरण कार्यालय स्थापना गर्ने। यसको सार्थक समन्वयका लागि क्षेत्रगत मन्त्रालयहरू, प्रतिनिधिमूलक राष्ट्रिय सङ्गठनका साथै राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय आदिवासी जनजाति प्रतिष्ठानका स्थानीय निकायसँग सम्पर्क स्थापना गर्नुपर्दछ।

८. औपचारिक तथा अनौपचारिक बाधाहरूले गर्दा सरकारले विभिन्न मन्त्रालय तहमा भएका प्रयासहरूलाई समावेशीकरणका दिशामा समन्वयात्मक ढङ्गबाट अगाडि बढाउन सकेको छैन। समावेशीकरणअन्तर्गतका नीति र कार्यक्रमलाई प्रभावकारी ढङ्गले समन्वय गर्ने हो भने कार्यक्रमको प्रभावकारिता धेरै मात्रामा बढ्छ, कामको दोहोरोपना घट्छ र सबै तहमा अझ बढी प्रभाव बढ्छ। समावेशी कार्यक्रम सुनिश्चित गर्नका लागि हरेक ठोस संयन्त्रको सिफारिस गर्नुपर्दछ। जि.वि.स. र गा.वि.स.को बजेट र कार्यक्रमलाई महिला, दलित र जनजातिप्रति उत्तरदायी बनाउने निगरानी समिति गठन गरिने प्रतिबद्धता पूरा भएको छैन। धेरै समूहले महिला विकास अधिकृतलाई कार्यक्षेत्र थपेर सामाजिक समावेशीकरणका सबै पक्ष हेर्न सक्ने बनाउन सकिन्छ कि ? भन्ने सुझाव दिएका छन्। महिला विकास शाखामा एकजना यस्तो कर्मचारीको व्यवस्था गर्न सकिन्छ। उलाई स्थानीय निकायहरूले गर्ने कार्यक्रमबाट दलित र जनजातिले पनि फाइदा पाएका छन् भन्ने सुनिश्चित गर्ने जिम्मेवारी दिनुपर्छ।

९. राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोग गठन र सञ्चालनसम्बन्धी ऐन जारी गर्ने र यी आयोगहरूलाई अर्धस्वायत्त संवैधानिक निकायका रूपमा काम गर्न सक्ने बनाउने। यिनीहरूलाई अर्थ मन्त्रालयबाट बजेट र दाताहरूबाट सोझै सहयोग लिन सक्ने व्यवस्था मिलाउनुपर्दछ। यी आयोगले वञ्चित समुदायमा आएका परिवर्तनका सम्बन्धमा जानकारी राख्ने कुरा सुनिश्चित गर्ने र यसका

लागि उनीहरूले नागरिक समाज र प्रस्तावित जिल्ला तहको लैङ्गिक तथा सामाजिक समावेशीकरण एकाइका कुरा सुन्ने खालको वातावरण तयार गर्नुपर्दछ ।

१०. आफ्नो संस्थाभित्रको समावेशीकरणको अवस्था थाहा पाउन र त्यसमा सुधार गर्नका लागि दातृ संस्था र गैरसरकारी संस्थाले आफ्नो संस्था र तिनका विभिन्न पक्षमा समावेशीकरणको परीक्षण र समीक्षा गर्नुपर्छ । दातृ संस्थाले आफूले सहयोग गरेका गैरसरकारी संस्थाहरूलाई माथिकै जस्तो परीक्षण गर्न र त्यसका नतिजा सरकारलाई उपलब्ध गराउन लगाउनुपर्छ । दातृ संस्थाहरूलाई आफ्नो सम्बन्धको दायरा बढाउन र समावेशीकरणको ज्ञान अझ गहिरो बनाउन प्रोत्साहन दिनुपर्दछ । यसका लागि सामान्यतः दातृ संस्थासम्म आफ्ना कुरा पुऱ्याउन नसक्ने विविध समूहसँग छलफल गर्ने र उनीहरूबाट जानकारी लिने गर्नुपर्दछ ।

तीन वर्षीय अन्तरिम योजना (२०६४/६५–२०६६/६७) मा समावेशी विकासको प्रगति प्रतिवेदनअनुसार यस आर्थिक वर्षमा ०६५/०६६ मा आदिवासी जनजाति र चेपाङ जातिको समेत भाषा, कला, सांस्कृतिक संरक्षण संवर्द्धनअन्तर्गत समूह मातृभाषाको भाषिक सर्वेक्षण १ ओटा शब्दकोषको निर्माण तथा प्रकाशनमा १६ ओटा, ती ३ सय २२ जना विद्यार्थीहरूलाई छात्रवृति, शैक्षिक सामग्री वितरण, ६५ ओटा आयआर्जन कार्यक्रम र चेतनामूलक कार्यक्रमहरू एवम् (ilo convention 169) को अभिमुखीकरण आदि जस्ता कार्यक्रमहरू सञ्चालन गरिएकोमा आ.व. २०६६/६७ मा सोही कार्यक्रमलाई निरन्तरता दिइएको छ । आ.व. ०६५/०६६ मा उपेक्षित, उत्पिडित र दलित वर्गको उत्थान एवम विकासका लागि विभिन्न सञ्चार तथा गोष्ठी सेमिनारलगायतका विभिन्न माध्यमहरूमार्फत चेतनामूलक आयमूलक, रोजगारमूलक सीपमूलक प्रविधि हस्तान्तरण, क्षमता, विकास, सामाजिक परिचालन, विद्यार्थीलाई छात्रवृति एवम शैक्षिक सामग्री वितरण, निःशुल्क स्वास्थ्य शिविर आदि जस्ता कार्यक्रमहरू सञ्चालन गरिएकोमा चालू आ.व.मा समेत निरन्तरता दिइनेछ ।

## त्रिवर्षीय योजनाको आधारपत्र (२०६७/६८–२०६९/७०) मा समावेशीकरणको व्यवस्था

### उद्देश्य

महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, अल्पसङ्ख्यक र लोपोन्मुख जाति एवं कर्णाली क्षेत्रसमेतका दुर्गम पहाडी र हिमाली क्षेत्रका बासिन्दा तथा विपन्न वर्ग र समुदाय समेतका वञ्चितीमा परेका/पारिएका समुदायहरूलाई विकासको मूल धारमा ल्याई उनीहरूको आर्थिक, सामाजिक, मानवीय तथा सांस्कृतिक अधिकार र अवसरहरूमा न्यायोचित पहुँच सुनिश्चित गर्ने ।

### रणनीति

१. आवश्यक नीतिगत र संरचनात्मक व्यवस्थासमेत गरी अल्पसङ्ख्यक र लोपोन्मुख जाति, महिला, दलित, आदिवासी जनजाति, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, मधेसी एवं विपन्न वर्ग र कर्णाली क्षेत्रसमेतका दुर्गम पहाडी तथा हिमाली क्षेत्रका बासिन्दासमेत वञ्चितीमा पारिएका/परेका समुदाय र क्षेत्रहरूलाई विकासको समग्र प्रक्रिया र प्रतिफलमा मूल प्रवाहीकरण गरी स्रोतसाधन र सार्वजनिक सेवामा पहुँच बढाउने ।

२. राज्यका सबै निर्णय प्रक्रिया तथा संरचनागत वञ्चितीमा परेका/पारिएका समुदायहरूको न्यायोचित प्रतिनिधित्व सुनिश्चित गर्ने ।

३ दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, अल्पसङ्ख्यक र लोपन्मुख जाति तथा दुर्गम पहाडी तथा हिमाली क्षेत्रको बासिन्दा, विपन्न वर्ग र समुदायहरूको उत्थानका लागि नीतिगत, कानुनी तथा संरचनागत प्रावधानहरूमा सुधार गर्ने ।

४	लक्षित कार्यक्रमको सञ्चालन गरी सकारात्मक विभेद र आरक्षणका माध्यमबाट दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, अल्पसङ्ख्यक र लोपोन्मुख जाति तथा कर्णाली क्षेत्रसमेतको दुर्गम पहाडी क्षेत्रका बासिन्दा र विपन्न वर्गसमेतका समुदायहरूको सशक्तीकरण गर्ने ।

**कार्यनीति**

१. महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, अल्पसङ्ख्यक र लोपोन्मुख जाति तथा कर्णाली क्षेत्रसमेतका दुर्गम पहाडी तथा हिमाली क्षेत्रका बासिन्दा र विपन्न वर्ग र समुदायहरूको आर्थिक सशक्तीकरणका लागि सार्वजनिक रोजगारीका अवसरहरूमा न्यायोचित पहुँचको व्यवस्था गरी राज्यका सबै निकायहरूमा वञ्चितीमा परेका/पारिएका समुदायहरूलाई मूल प्रवाहीकरण गरिनेछ ।

२. शासन सञ्चालन एवम विकास निर्माणका सबै क्षेत्रको निर्णय एवम् निर्णय कार्यान्वयन प्रक्रियामा वञ्चितीमा परेका/पारिएका समुदायसमेतका सबै वर्ग र समुदायको प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।

३. खाद्य सुरक्षा, स्वास्थ्य, शिक्षाजस्ता सार्वजनिक सेवा र स्रोतसाधनमा अल्पसङ्ख्यक जाति तथा वञ्चितीमा परेका/पारिएका समुदायसमेतका सबै समुदायको पहुँच बढाउनका लागि आवश्यक नीतिगत र संरचनात्मक सुधार गरिनेछ ।

४. लोपोन्मुख जाति तथा समुदायको पहिचान गरिनेछ र उनीहरूको उत्थान तथा विकासका लागि कार्यक्रम तर्जुमा गरी लागू गरिनेछ ।

५. महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, अल्पसङ्ख्यक र लोपोन्मुख जाति तथा कर्णाली क्षेत्रसमेतका दुर्गम पहाडी तथा हिमाली क्षेत्रका बासिन्दा र विपन्न वर्ग तथा समुदायहरूभित्रकै सीमान्तकृत समुदायहरूको सामाजिक तथा आर्थिक उत्थानका लागि लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

६. महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, अल्पसङ्ख्यक र लोपोन्मुख जाति तथा कर्णाली क्षेत्रसमेतका दुर्गम पहाडी तथा हिमाली क्षेत्रका बासिन्दा र विपन्न वर्गका समुदायहरूको सशक्तीकरणका लागि माध्यमिक तहसम्म शिक्षा दिने व्यवस्था मिलाइनेछ ।

बहुमतमा आधारित प्रजातन्त्र स्वाभाविक रूपमा असमावेशी प्रकृतिको हुन्छ किनकि यसप्रकारको व्यवस्थामा बहुमतले शासन गर्ने र विपक्षीले सरकारको आलोचना गर्दछ । Arthur Lewis ले भनेका छन्– यो बहुमतको शासन र सरकार विरुद्ध अल्पमत प्रारूपको राजनीतिलाई अप्रजातान्त्रिक भनी व्याख्या गर्न सकिन्छ किनकि यी बाहेकीकरण वा अपवर्जन (exclusion) का सिद्धान्त हुन् । (स्रोत : Arend Lijphart, Patterns of Democracy, 1st ed. Yale University Press, 1999, p.31.) । यस्तो व्यवस्थामा बहुमतको इच्छा लागू हुन्छ । विजेता दलले सम्पूर्ण सरकारी निर्णयहरू गर्दछ भने हार्नेले शासनमा सहभागी हुन पाउँदैन । लेविस भन्छन्– हार्ने पक्षलाई निर्णय प्रक्रियामा सहभागी नबनाइनु प्रजातन्त्रको प्राथमिक परिभाषाको उल्लङ्घन हो । (स्रोत : लेविसका अनुसार प्रजातन्त्रको प्राथमिक परिभाषा यो छ कि ती जो निर्णयबाट प्रभावित हुन्छन्, तिनलाई निर्णयमा प्रत्यक्ष वा रोजेका प्रतिनिधिहरूमार्फत सहभागी हुने अधिकार हुन्छ । (ऐजन) । अल्पमतको बाहेकीकरणलाई समानुपातिक प्रतिनिधित्व र सहमतिमा आधारित प्रजातन्त्रको स्वरूपमार्फत समाधान गर्न सकिन्छ। ठूला दलहरूको अधिक प्रतिनिधित्व र साना दलहरूको अल्प प्रतिनिधित्व वा प्रतिनिधित्व विहीनतालाई समानुपातिक प्रतिनिधित्वमार्फत सच्याउन सकिन्छ। समानुपातिक प्रतिनिधित्वको आधारभूत लक्ष्य भनेको संसदीय सिटहरू दलहरूले प्राप्त गरेको मतको अनुपातमा वितरण गर्नु हो । यसरी नीति निर्णयमा समावेशीकरणको समस्यालाई हल गर्न सकिन्छ भने कार्यकारिणी अधिकारको बाँडफाँड शासनमा समावेशीकरणको अर्को उपाय हो । व्यापक सहमतिको सरकार निर्माण गरी संसद्मा उल्लेखनीय प्रतिनिधित्व भएका दलहरूबीच शक्तिको बाँडफाँड गरी समावेशी सिद्धान्तलाई व्यवहारमा लागू गर्न सकिन्छ । (स्रोत : रवेतीरमण त्रिपाठी, संविधान सभा र राज्यको पुनर्संरचनाका सवालहरू, (CAMAD, Vol-II, No.1, Issue 21, April 2008, page no. 118-119)। राजनीतिक क्षेत्रमा मात्र नभएर सेना, प्रहरी, प्रशासन र न्यायपालिकालगायत राज्यका हरेक क्षेत्रमा

सहभागिता र समावेशीकरणको अभाव छ। यो विसङ्गति हटाउन नयाँ संविधानले यी सबै क्षेत्रमा सबै धर्म, क्षेत्र, जातीय पृष्ठभूमि र लिङ्गको उचित प्रतिनिधित्वको प्रत्याभूति दिलाउनुपर्छ। यसका लागि विगतको असमानता र अपवर्जनको सुधारका लागि आरक्षण र सकारात्मक विभेदको उचित व्यवस्था गरिनुपर्छ। आरक्षण एउटा आवश्यक तर विवादास्पद सवाल हो। हाम्रो जस्तो समाजमा सबै क्षेत्रमा उचित प्रतिनिधित्व र समावेशीकरणको आवश्यकता र प्रशासन र प्राविधिक सेवाका क्षेत्रहरूमा गुणात्मकता कायम राख्ने विषयमा सन्तुलन कायम गर्नु जटिल विषयका रूपमा रहेको छ। दोस्रो कुरा आरक्षण समानताको प्राप्तिका लागि गरिने अपवादात्मक व्यवस्था हो। यो समानताको प्राप्तिका लागि अपनाइने साधन हो। तसर्थ यसले समानताको मूल सिद्धान्तलाई निल्ने अवस्था भने हुनु हुँदैन। आरक्षणको सीमा वा हद कति हुने या कतिसम्म आरक्षण गर्न सकिन्छ भन्ने सवाल जटिल छ।

नेपालले योजनाबद्ध विकासका प्रयासहरू जारी राखेको करिब ५४ वर्ष भइसकेको छ। यस अवधिमा जनजातिहरू प्रगतिका लागि कल्याणकारी प्रकृतिमा केही कार्यक्रमहरू सञ्चालन भए पनि यसबाट उनीहरूको मनोबल उठाउन, प्रतिभा प्रस्फुटित गराउने र समग्र विकासका सम्भावना तथा दायरा फराकिलो पार्ने कामहरू हुन सकेनन्। आठौं योजना र नवौं योजनामा जनजाति विकासका केही प्रयासहरू भए पनि आवश्यक संस्थागत संरचनाको विकास हुन नसक्नु, जनजातीय विकास कार्यक्रम केन्द्रबाट लादिएको हुनाले जनजातिलाई त्यसले आकर्षित गर्न नसक्नु, आदिवासी जनजातिहरूले आफूलाई दयाको पात्रका रूपमा कार्यक्रम सञ्चालन भएको अनुभव गरेको देखिन आउछ। यसको साथै मानव संसाधन विकासतर्फ उचित ध्यान नपुग्नु, जनजातिहरूको परम्परागत ज्ञान, सीप र जीवनशैलीको उचित मूल्याङ्कन नहुनु जस्ता कमजोरीहरूका कारणले अपेक्षा गरे जस्तो प्रतिफल हासिल हुन सकेन।

दलित समाजमा रहेको धुम्रपान, मद्यपान, सिनु खाने, रण्डीबाजी, जुवातास, बहुविवाह, जारी विवाह, देहव्यापार, डोली प्रथा, विष्ट कमाउने आदि कुप्रथा, कुसंस्कार फोहरी क्रियाकलाप र फजुल खर्च गर्ने प्रवृत्तिलाई हटाई सभ्य र सुसंस्कृत बनाउने अभियान सञ्चालन गर्नु आवश्यक भएको छ। जातीय छुवाछुतको समस्या दलितहरूको मात्र समस्या नभएर यो राष्ट्रिय समस्या भएकाले यसको निराकरणका लागि गैरदलितको पनि त्यत्तिकै सहभागिता र सहयोगको खाँचो पर्दछ। अतः जातीय छुवाछुत प्रथाको विरोधमा दलित, गैर दलित मिली संयुक्त अभियान सञ्चालन गर्न आवश्यक छ। नेपालका दलितहरूमाझ एकअर्काको खुट्टा तान्ने र खोइरो खन्ने प्रवृत्तिलाई हटाउनुपर्छ। अर्को कुरा नेपाली दलित समाजमा रहेको व्यापक अन्धविश्वास, रुढिवाद, कुलत र फजुल खर्च गर्ने प्रवृत्तिलाई हटाउने अभियान सञ्चालन गर्नुपर्दछ। दलित आन्दोलन मानव अधिकारको आन्दोलनसमेत भएकोले जातीय छुवाछुतको व्यवहारलाई मानव अधिकारको हननका रूपमा लिई आन्दोलनलाई अन्तर्राष्ट्रियकरण गर्नु आवश्यक छ। यसका साथ} दलित नेताहरूले अवसरवादी र आत्मसमर्पणवादी चरित्रमा परिवर्तन गर्नु आवश्यक छ।

शैक्षिक संस्थाहरूमा कमसेकम २० प्रतिशत स्थान दलितहरूका लागि सुरक्षित गरी उनीहरूको ट्युसन फि सरकारले तिर्नुपद{छ र त्यो नभए त्यसमा अनुदान दिनुपर्दछ। तर यस्तो व्यवस्थाबाट कुनै सम्पन्न दलितले अनुचित लाभ नउठाओस्। यसका लागि ठोस नीति निर्धारण गरिनु आवश्यक देखिन आउछ। कृषि श्रममा संलग्न निरपेक्ष गरिबीको रेखामुनि रहेका सम्पूर्ण दलित र खास गरी भूमिहीन दलितहरूलाई ग्राह्यता दिई सुकुम्बासी आयोगबाट जग्गा दिने व्यवस्था मिलाउनुपर्छ। गरिबीको रेखामुनिको विशाल सतहलाई सुधार गर्न सुकुम्बासी दलितको बस्तीहरू स्थापना गर्नेतर्फ कदम चाल्नुपर्ने देखिन्छ। चमार जातिलाई नै सिनो फाल्न बाध्य गर्नु अमानवीय र अप्रजातान्त्रिक हो। कसैको इच्छा विरुद्ध काम गर्न बाध्य गर्नु कानुन विपरीत हुन्छ। अतः सरकारले सम्बन्धित निकायबाट कारवाही गर्नुपर्छ। सिनो फाल्ने व्यवस्था सम्बन्धित गा.वि.स. वा नगरपालिकाले गर्नु आवश्यक छ।

दलित उत्थानमा कार्यक्रम, सभा, गोष्ठी आदि बारम्बार सञ्चालन गर्नुपर्दछ। यस्तो कार्यक्रममा सम्बन्धित क्षेत्रका प्रबुद्ध व्यक्तिहरूका साथै हिन्दू धर्मसंस्कृतिका ज्ञाता, सुधारवादी व्यक्तिहरूलाई सामेल गर्नुपर्दछ। दलित उत्थानका नाममा हाल कैयौं सरकारी निकाय, राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरका संस्थाहरू

कार्यरत छन् । दलितका नाममा प्रशस्त रकम पनि सङ्कलित गरिएका छन् । तर सही अर्थमा तिनको उपयोग भएको देखिँदैन । अतः दलित उत्थानका लागि एउटा मजबुत केन्द्रीय कोष खडा गर्न र दलितका लागि निर्धारित कार्यक्रम र रकमको अनुगमनका निमित्त केही मात्रामा कामको प्रकृतिअनुसार अर्धदक्ष तालिम आवश्यक पर्दछ भनेको मात्रामा रोजगारी हकमा निमित्त समुदायले सङ्घर्ष गर्नुपर्ने हुन्छ ।

महिला वर्गलाई बढी अग्रसर गराउन शिक्षा तथा अन्य क्षेत्रमा प्रेरित गर्नुपर्छ । सङ्गठनमा पनि महिला सहभागिता हुनुपर्दछ । स्वास्थ्यसम्बन्धी कार्यक्रममा महिला सहभागिता बढी उपयुक्त हुन्छ । थोरै तालिम र साधनबाट सञ्चालित हुन सक्ने आय वृद्धिमूलक काम गराउन सकिन्छ । यस्ता कार्यमा महिला वर्गलाई बढी प्रेरित गर्नु उपयुक्त हुन्छ । छुवाछुत प्रथाको जरा परम्परा, रुढि, धर्म र संस्कृतिको नाममा फैलिएको हुनाले सामाजिक सहिष्णुताको पक्षलाई पनि दृष्टिगत गर्दै हिन्दू धर्म र संस्कृतिको प्रगतिशील प्रवृत्ति, जसले जातपात र छुवाछुत विरोधी धार्मिक अभियान गरिराखेका छन्, तिनलाई प्रोत्साहन गर्ने तथा छुवाछुत विरोधी आध्यात्मिक सन्देशहरूको प्रसारलाई अत्यधिक महत्त्व दिइनु अति आवश्यक छ ।

## सन्दर्भ ग्रन्थसूची


अनुभव अजीत, समावेशीकरण : राजनीतिक दल, राज्य र मिडिया, मार्टिन चौतारी, पहिलो संस्करण २०६५ (2008).

आचार्य, सुरेश, पुडासैनी, उत्तम, (नेपाली अनुवाद), शरणार्थीहरू मानव अधिकारको सिमाना छैन, प्रकाशक एमनेस्टी इन्टरनेसनल, पहिलो संस्करण, अक्टोबर १९९७ ।

इन्द्रबहादुर देवकोटा, दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन, आशिष पुस्तक भण्डार, बागबजार, काठमाडौँ, पहिलो संस्करण २०५८ फागुन ।

उक्याव, ताम्ला, श्री श्याम अधिकारी, नेपालका आदिवासी जनजातिहरू (Nationalities of Nepal), श्री ५ को सरकार, स्थानीय विकास मन्त्रालय, राष्ट्रिय जनजाति विकास समिति, अनामनगर, काठमाडौँ, दोस्रो संस्करण २०५७ चैत्र ।

एस एन्ड आर, ग्रामीण विकासमा सांस्कृतिक तथा मानवीय तत्त्वहरू (Cultural and Human factor in Rural Development), सुजाता प्रकाशन, काठमाडौँ, संस्करण २०६३, फाल्गुण ।

कँडेल, पुष्पराज (डा.), राष्ट्रनिर्माणमा जातीयताको प्रश्न, बुद्व एकेडेमिक पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स प्रा.लि., काठमाडौँ, प्रथम संस्करण, २०६४ ।

- - -, राष्ट्रनिर्माणमा जातीयताको प्रश्न, बुद्व एकेडेमिक पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स प्रा.लि., काठमाडौँ, प्रथम संस्करण, २०६४ ।

केशवराज सापकोटा, ग्रामीण विकास नीति र रणनीतिहरू (Rural Development Policies and Strategies), दिव्य देउराली प्रकाशन प्रा.लि., बागबजार, काठमाडौँ, प्रथम संस्करण २०६६ ।

कृष्ण खनाल, झलक सुवेदी, मुक्तसिंह तामाङ, राज्य पुनर्संरचना : राजनीतिक, आर्थिक र सांस्कृतिक, मार्टिन चौतारी, पहिलो संस्करण २०६५ (2008)।

खत्री, प्रेमकुमार, नेपालका धार्मिक मत र सामाजिक संरचना, एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स, भोटाहिटी काठमाडौँ, संस्करण २०५८ ।

जेफरे सच्, रेवतीरमण पौडेल, गरिबी निवारण (The End of Poverty), अक्सफोर्ड इन्टरनेसनल, पब्लिकेसन, बागबजार, काठमाडौँ, पहिलो २०६५ ।

झा, हरिवंश (प्रो.), (सम्पादक), 'नेपालमा दलित उत्थानका रणनीति', सेन्टर फर इकोनोमिक एन्ड टेक्निकल स्टडी र फ्रेडरिक रबर्ट स्टिफटुङ, प्रथम संस्करण, अक्टोबर २००० ।

नेपाली, मोतीलाल, 'नेपालको दलित उत्थानमा आरक्षण व्यवस्था' राष्ट्रिय विचार गोष्ठी, नेपालमा दलित उत्थान, चुनौती र सम्भावना, फ्रेडरिक एबर्टस्टिक फटुङ -एफ.इ.एस.) को सहयोगमा सेन्टर फर इकोनोमिक एन्ड टेक्निकल स्टडिज (सेटस) द्वारा आयोजित जुलाई ८ र ९, २००० ।

पाण्डे, मधुसुदन, नेपालका दलितहरू, पैरवी प्रकाशन, दोस्रो संस्करण, २०६३ ।

पाँडे, रामकुमार, 'नेपाल परिचय' भुँडी पुराण प्रकाशन, काठमाडौँ, सातौँ संस्करण २०५५ मार्ग ।
पौडेल, तुल्सीराम, समाजका नमुनाहरू, निमा पुस्तक प्रकाशन, प्रथम संस्करण, २०५९ ।
पाण्डेय, मधुसुदन, 'नेपालका जनजातिहरू' पैरवी प्रकाशन, काठमाडौँ, प्रथम संस्करण, २०६० ।
पौडेल, तुलसीराम, लैङ्गिक अध्ययनका रूपरेखा, (An outline of Gender sutdies) निमा पुस्तक प्रकाशन, काठमाडौँ, प्रथम संस्करण २०५८ ।
प्रश्रित, मोदनाथ, "छुवाछुत रूपी कलङ्कको अन्त्य कसरी ?" विद्यार्थी समाचार, अ.ने.रा.स्व.वि.यु. केन्द्रीय प्रचार विभाग, वर्ष १८, अङ्क २६, जेष्ठ २०५८ ।
भूमिश्वर शर्मा, नेपालको स्थानीय शासन र राजनीतिक अर्थतन्त्र, न्यु हिरा बुक्स इन्टरप्राइजेज, प्रथम संस्करण २०६६ ।
वाग्ले, त्रिभुवनचन्द्र, साधन स्रोतमा दलित समुदायको पहुँच, विद्युत सन्देश, महाअधिवेशन विशेषाङ्क, वर्ष ९ अङ्क ६, २०६४ कार्तिक, सातौँ महाअधिवेशन विशेषाङ्क, नेपाल विद्युत प्राधिकरण कर्मचारी युनियन केन्द्रीय समिति काठमाडौँ ।
विश्वकर्मा, हीरा, 'दलित आन्दोलनमा हीरा विश्वकर्माका समसामयिक विचारहरू', जनउत्थान प्रतिष्ठान, दलित सेवा सङ्घ, जनउत्थान सञ्चार सञ्जाल, न्यु प्लाजा, काठमाडौँ, प्रथम संस्करण २०५९ फाल्गुण ।
शर्मा, शरदचन्द्र, नेपाल र यसका निवासी' (परिचयात्मक विवरण) श्री ५ को सरकार, सञ्चार मन्त्रालय, मुद्रण विभाग, दोस्रो संस्करण २०४५ असोज ।
साउद, सुरज, पराजुली, चण्डिका, सरकार, संस्थाहरू र स्थानीय ग्रामीण शासन (Government, Institutions and Local Governance), हजुरको प्रकाशन, प्रदर्शनी मार्ग, काठमाडौँ, प्रथम संस्करण २०६४ ।
सुवेदी, बाबुराम, 'सामाजिक परिचालन विकास र व्यवस्थापनको एक नयाँ आयामका रूपमा' प्रशासन, वर्ष ३५ २०६० माघ पूर्णाङ्क ९६, सामान्य प्रशासन मन्त्रालय ।
हरिप्रसाद (डा.), 'आदिवासी दनुवार, प्राकृतिक स्वास्थ्य संस्था शाखा, सिराहा २०६१ आषाढ १८ ।
- - -, आर्थिक वर्ष २०६६/६७ को बजेट वक्तव्य, नेपाल सरकार, अर्थ मन्त्रालय ।
- - -, त्रिवर्षीय योजनाका आधारपत्र (२०६७/६८-२०६९/७०), नेपाल सरकार, राष्ट्रिय योजना आयोग, २०६७ जेष्ठ ।
- - -, नेपालको अन्तरिम संविधान, २०६३ (पौचौँ संशोधनसमेत मिलाइएका रूपमा), नेपाल सरकार, कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, कानुन किताब व्यवस्था समिति, २०६५ साल ।
- - -, नेपाल मानव विकास प्रतिवेदन २००९, राज्य रूपान्तरण र मानव विकास, UNDP, Nepal, २००९ ।
- - -, मानव अधिकार राष्ट्रिय कार्ययोजना, नेपाल सरकार, प्रधानमन्त्री तथा परिषद्को कार्यालय, सिंहदरबार, काठमाडौँ, नेपाल, वैशाख २०६१ ।
- - -, राष्ट्रिय जनगणना २०५८, जात/जातिको जनसङ्ख्या, नेपाल सरकार, राष्ट्रिय योजना आयोगको सचिवालय, केन्द्रीय तथ्याङ्क विभाग, थापाथली, काठमाडौँ, २०६४ ।
Centership and Land ownership status of dalit community in Nepal, HMajesty's Government National Dalit's Commission (NDC), Thapathali, Kath, 2005.
National Dalit's Commission –An Introduction.
NEPAL AND THE WORLD, A STATISTICAL PROFILE, 2009, Federation of Nepalese Chambers of Commerce & industry, 2009.
Social Exclusion and Inclusion in Nepal, Examples From Dalit, Muslim and Indigenous Communities, Nepal Participatory Action Network (NEPAN), November, 2009.
Statements and Declarations of SAARC (1985-2010), Institute of Foreign Affairs, IFA, Tripureshwor, Kathmandu, 2010.